बागमती प्रदेश सभा

# अर्थ तथा विकास समिति

# वार्षिक प्रतिवेदन ,२०८२




**अर्थ तथा विकास समितिको सचिवालय**

बागमती प्रदेश, हेटौंडा, नेपाल

बागमती प्रदेश सभा

# अर्थ तथा विकास समिति

# छैठौं वार्षिक प्रतिवेदन,२०८२

अर्थ तथा विकास समिति सचिवालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

# अर्थ तथा विकास समितिमा रहनु हुने माननीय सदस्यहरु



**मा. नुरज बज्राचार्य**
**सभापति**

## सदस्यहरू


मा.ॐ कुमारी श्रेष्ठ


मा. अमृता नेपाल


मा.आशा लामा


मा.गोविन्द लम्साल


मा. डम्बर तामाङ


मा. डा. दिनेशचन्द्र देवकोटा


मा. देवेन्द्र श्रेष्ठ


मा. मधुसुदन पौडेल


मा. माइली तामाङ


मा. रमेश कुमार महत


मा.रामकृष्ण चित्रकार


मा. रामप्रसाद ढुङ्गाना


मा. लक्ष्मी देवी श्रेष्ठ


मा. सरल सहयात्री पौडेल


मा. सुना परियार


मा. ज्ञान बहादुर तामाङ



मनोज कुमार गुप्ता
समिति सचिव

# बार्षिक प्रतिवेदन लेखन उपसमिति

---

**मानननीय सदस्य**

| | | |
|---|---|---|
| १. | माननीय सुना परियार | **संयोजक** |
| २. | माननीय ॐ कुमारी श्रेष्ठ | सदस्य |
| ३. | माननीय अमृता नेपाल | सदस्य |
| ४. | माननीय माईली तामाङ | सदस्य |
| ५. | माननीय लक्ष्मी देवी श्रेष्ठ | सदस्य |

**सहयोगी कर्मचारी**

| | | |
|---|---|---|
| १. | मनोज कुमार गुप्ता | **समिति सचिव** |
| २. | सुवर्ण कुमार शाही | |
| ३. | भानुभक्त आचार्य | |
| ४. | महेन्द्र वहादुर रावल | |
| ५. | चन्द्र प्रसाद घिमिरे | |
| ६. | सरिता घिमिरे ढकाल | |
| ७. | सविना तामाङ | |
| ८. | राम कुमारी चौरेल | |

# मन्तव्य



## माननीय सभामुखज्यू,

नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा नियमावली बमोजिम विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था रहेको छ। बागमती प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ मा प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिनका लागि व्यवस्था गरिएका ६ वटा विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समिति पनि एक रहेको छ। बागमती प्रदेश सरकार अन्तर्गत रहेको आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा खानेपानी तथा सिँचाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र प्रदेश प्राकृतिक स्रोत तथा वित्त आयोगलाई प्रदेश सभाप्रति बढी उत्तरदायी र जवाफदेही बनाउन प्रदेश मन्त्रालय र आयोगबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन एवम् राय सल्लाह समेत दिनका लागि प्रदेश सभामा अर्थ तथा विकास समिति गठन भएको छ। समितिले वर्षभरी गरेका कामहरुको प्रतिवेदन सभामा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

अर्थ तथा विकास समितिको पहिलो बार्षिक प्रतिवेदन यस सभामा २०७६ साल जेष्ठ ३१ गते दोस्रो बार्षिक प्रतिवेदन २०७७ साल जेष्ठ ३१ गते, तेस्रो वार्षिक प्रतिवेदन २०७८ साल ज्येष्ठ २८ गते, चौथो वार्षिक प्रतिवेदन,2079 साल जेठ ३१ गते र पाँचौँ वार्षिक प्रतिवेदन,२०८१ साल जेठ ३२ गत्ते सम्मानित प्रदेश सभामा पेश गरेको स्मरण गर्दै समितिले एक वर्षको अवधिमा सम्पादन गरेका कार्यहरु समेटी प्रदेश सभा नियमावली बमोजिम आज छैठौँ बार्षिक प्रतिवेदन, 208२ सम्मानित प्रदेश सभामा पेश गर्दछु।

## माननीय सभामुख महोदय,

विकास नियमित र परिवर्तनशील अवधारणा हो। प्रविधिमा भैरहेको द्रुत विकासले पूर्वाधार विकासमा समेत तीव्रता हासिल गर्न सक्ने तथ्यलाई नकार्न सकिन्न। मुलुक संघीयतामा गईसकेपछि आम जनताको पूर्वाधार विकास प्रतिको तीव्र चाहनालाई मूर्त रुप दिन समितिले आफ्नो गठन पश्चातदेखि नै कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दछु। कार्य-सम्पादनको सिलसिलामा यस समितिले आफ्नो कार्यक्षेत्रभित्र रहेर विभिन्न विषयगत मन्त्रालयहरुको सरोकारका विषयहरुमा सरकारलाई आवश्यक निर्देशन तथा सुझाव दिदै आएको छ। यो समितिले अघिल्लो कार्यकालमा

१८ वटा विधेयकमाथि छलफल गरी ऐन निर्माण कार्यमा सभालाई सहयोग गरेको अभिलेखमा देखिन्छ। यसका अलावा समितिले प्रदेश सरकारले सञ्चालन गरेका परियोजनाहरु मध्ये प्रभावकारी देखिएका, केही समस्याग्रस्त र अन्य आयोजनाहरुको पनि अनुगमन गर्दै आएको पनि देखिएको छ। यस्ता कार्यहरुलाई अवका दिनहरुमा निरन्तरता दिने समेत समिति सभापतिको हैसियतले प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

जनतालाई प्रदेश सरकारको अनुभूति दिने गरी काम गर्न हाम्रो परम्परागत सोचबाट माथि उठी योजना छनौटको निश्चित प्रणाली अवलम्बन गरी जनप्रतिनिधिलाई उत्तरदायि बनाउने र कार्यान्वयनमा सरकारलाई प्रभावकारी र उत्तरदायि बनाउने प्रणालीको विकास गर्ने र देखिएका कमिकमजोरीहरु सुधार गरी अगाडी बढ्नेमा हामी सबै जिम्मेवार हुने अपेक्षा गरेको छु।

अन्त्यमा,
समितिको हरेक कार्यमा सहयोग गर्दै औपचारिक, अनौपचारिक बैठक र छलफलहरुमा अमूल्य विचार दिने समितिका सदस्यहरु प्रति आभार ब्यक्त गर्न चाहान्छु। उप–समितिको जिम्मेवारी सफलता पूर्वक निर्वाह गर्ने माननीयज्यूहरुलाई विशेष धन्यवाद दिन चाहान्छु।आगामी दिनहरुमा समेत नयाँ सोच र नयाँ योजनाका साथ समितिको कामलाई प्रभावकारी बनाउने काममा माननीयज्यूहरुको भूमिका उल्लिखनीय रहने अपेक्षा गर्दछु। प्रदेश सभाका माननीय सभामुखज्यू, उपसभामुखज्यूबाट बेलाबेलामा प्राप्त भएका सहयोग र सल्लाहप्रति विशेष आभार प्रकट गर्दछु। समिति तथा उपसमितिका कामलाई सहज बनाउन भूमिका खेल्ने प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका कर्मचारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै, आगामी दिनमा समेत सबैबाट सहयोग र उचित सुझावको अपेक्षा गर्दछु।

**२०८२ जेठ ३० गते**

**माननीय नुरज बज्रचार्य**
**सभापति,**
**अर्थ तथा विकास समिति,**
**बागमती प्रदेश, हेटौडा**

# बिषय सूचि

## परिच्छेद १
## प्रारम्भिक


१.१ पृष्ठभूमीः

१.२ प्रदेश सभामा समितिको गठन र कार्य क्षेत्र

१.३ अध्ययनको उद्देश्य

१.४ अध्ययनको सिमा


## परिच्छेद-२
## समितिको बैठकको मिति बैठकको संख्या र छलफलका निर्णयहरुः


२.१ समितिको निर्णय र निर्देशनहरु

२.२ समितिको निर्णय र निर्देशनहरुको कार्यान्वयन अवस्था

२.३ समितिको बैठक र उपस्थिति विवरण


## परिच्छेद - ४
## उपसमितिका प्रतिवेदनहरुः


४.१ फाखेल मातातिर्थ सडक (मकवानपुर खण्ड), हेटौंडा फाखेल फर्पिङ्ग सडक आयोजना (कुलेखानी हुमाने भन्ज्याङ्ग खण्ड) सडकहरुको स्थलगत अनुगमन तथा अध्ययन प्रतिवेदन, २०८२

४.२ पुर्वाधार विकास कार्यालय ललितपुरको स्थलगत अनुगमन तथा अध्ययन प्रतिवेदन, २०८२ का सरांश

४.३ बागमती प्रदेश सरकारको बजेट निर्माणमा जनताको आवश्यकता पहिचान तथा सुझाव संकलन (पुर्वबजेट) छलफलको प्रतिवेदन, २०८२ का सरांश

४.४ आ.व २०८२/०८३ को बागमती प्रदेश सरकारको बजेट निर्माणमा जनताको आवश्यकता पहिचान तथा सुझाव संकलन (पुर्वबजेट) छलफमा सुझाव लिने क्रममा मिति २०८२/०१/२० गत्ते विभिन्न व्यक्तिहरुबाट प्राप्त सुझावहरुः-

४.५. २०८१ असोज ११ र १२ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोको प्रकोपले भएको क्षतिको अनुगमन प्रतिवेदन, २०८२ को सरांश

## परिच्छेद - ५

## आगामी दिनका लागि ध्यान दिनु पर्ने पक्षहरुः

५.१. गहन छलफलको आवश्यकताः

अनुसुची-१ अर्थ तथा विकास समितिको कार्यसञ्चालन कार्यविधि,२०८०

अनुसूची-२ माननीय सदस्यहरुको बैठकमा उपस्थिति

अनुसूची-३ बैठक साल र आर्थिक वर्ष अनुसारको संख्यात्मक विवरण

अनुसूची-४ समिति, उपसमितिका कार्यक्रम तथा अनुगमनका तस्वीरहरू

# परिच्छेद १
# प्रारम्भिक

## १.१ पृष्ठभूमीः

लोकतान्त्रिक मुलुकहरुमा शक्ति पृथकिकरणको सिद्धान्त वमोजिम राज्य शक्ति मुलतः राज्यका तीन अंगहरु व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले प्रयोग गर्दछन् । राज्यको विधायिकी शक्ति व्यवस्थापिकाले प्रयोग गर्दछ । कानून बनाउने, सरकारलाई जवाफदेही र जिम्मेवारी बनाउने, सरकारले पेश गरेको बजेटमा छलफल गरी बजेट र नीति कार्यक्रम पारित गर्ने, अन्तर्राष्ट्रिय सन्धि संझौता अनुमोदन गर्ने, संवैधानिक निकायका पदाधिकारीले खराव आचरण वा संवैधानिक जिम्मेवारी बहन गर्न असक्षम भएको अवस्थामा महाअभियोगद्वारा पदमुक्त गर्ने, सरकार परिवर्तन गर्ने लगायतका कामहरु लोकतान्त्रिक मुलुकका आधुनिक व्यवस्थापिकाले गर्नुपर्ने मुख्य कामहरु हुन् । यसैगरी कार्यपालिकाले विधायिकाबाट निर्मित कानून कार्यान्वयन गर्ने, शासन व्यवस्था संचालन गर्ने र न्यायापालिकाले संविधान र कानूनको व्याख्या गर्ने गरी संविधानले राज्यका मुख्य अंगहरुको जिम्मेवारी र भुमिका निर्धारण गरेको छ ।

नेपालको सन्दर्भमा संविधान-सभाले बनाएको संविधान कार्यान्वयनको चरणमा छौं । संविधान कार्यान्वयन गर्न आवश्यक कानून बनाउने पुराना कानूनहरुको पुनरावलोकन एवं संशोधन गर्नु संसदको पहिलो जिम्मेवारी हो। मौलिक हकसंग सम्बन्धित विषयहरुमा कानून बनाउनु, संविधान प्रतिकूलका कानूनहरुको पुनरावलोकन गरी अद्यावधिक गर्नु, सरकारलाई सुशासनमैत्री शासन संचालन गर्न आवश्यक राय सल्लाह र निर्देशन दिनु, संविधान, ऐन, कानून र संसदीय निर्देशन वमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन गर्नु संसदले गर्नुपर्ने महत्वपूर्ण जिम्मेवारी हो। जनताको सार्वभौम अधिकार प्रयोग गर्ने महत्वपूर्ण थलो संसद हो। यसको प्रभावकारिताबाट नै लोकतान्त्रिक पद्धतिले गतिशिलता प्राप्त गर्दछ। संसदका सबै कार्यहरु पूर्ण सदनबाट मात्र सम्पादन गर्न विभिन्न कारणले सम्भव हुँदैन। संसदको नियमित कार्यमा सहयोग पुर्याउन एवं सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मुल्यांकन गरी आवश्यक सुझाव र निर्देशन दिन संसदीय समितिहरुको गठन गरिन्छ। सरकारलाई संसदप्रति जिम्मेवार तथा उत्तरदायी बनाउने कार्यमा संसदीय समितिहरुको महत्वपूर्ण भुमिका रहन्छ। संसदको समय बचत गर्न, कार्य प्रक्रियालाई सरलीकृत गर्न, विशेषज्ञताको उपयोग गर्न विषयवस्तुको गहन अध्ययन गरी निश्कर्ष प्रस्तुत गर्न समितिहरु मार्फत संसदले आफ्ना कार्यहरु सम्पादन गर्ने गर्दछ। आफ्नो कार्य क्षेत्र

भित्रका विषय माथी छलफल गरिने र सरकारलाई उत्तरदायी बनाउने हुँदा संसदीय समितिहरुलाई मिनी संसद (Mini Parliament) को रुपमा लिईन्छ ।

**नेपालको सन्दर्भमा संसदीय समितिको काम कर्तव्य मुलभुत रुपमा देहाय वमोजिम रहेका छन्।**

(क) आ-आफ्नो कार्यक्षेत्र भित्र पर्ने सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन सदनमा पेश गर्ने ।

(ख) राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा निर्देशन दिने ।

(ग) सरकारी आश्वासन पुरा गर्न आवश्यक निर्देशन दिने ।

(घ) सार्वजनिक सम्पत्तीको संरक्षण गर्न आवश्यक निर्देशन दिने ।

(ङ) प्रत्यायोजित अधिकार अन्तर्गत बनाईएको नियम संविधान र कानून सम्मत छ छैन भन्ने विषयमा मुल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

(च) समितिका प्रतिवेदनहरु कार्यान्वयन भए नभएको विषयमा अनुगमन गरी निर्देशन दिने।

(छ) सरकारी कामको मुल्यांकन गरी निर्देशन दिने ।

(ज) निर्धारित बार्षिक कार्यक्रमहरु संचालन गर्ने।

(झ) अन्य आवश्यक कार्यक्रम संचालन गर्ने ।

## १.२ प्रदेश सभामा समितिको गठन र कार्य क्षेत्र

प्रदेश सभाका सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा नियमावली २०७४ को नियम १४६ वमोजिमका प्रत्येक समितिमा बढिमा २२ जना सदस्यहरु मनोनित गर्न सकिने व्यवस्था रहेको छ। यसै कानुनी प्रावधानलाई आधारमानी यस समितिमा १८ जना सदस्यहरु मनोनयन भएका छन्। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुने र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। मुख्यतः अर्थ तथा विकास समितिको कार्यक्षेत्र अन्तर्गत आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, उर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग र प्राकृतिक स्रोत तथा वित्त आयोग गतिविधिलाई निगरानी, समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध मार्फत नियन्त्रण तथा सन्तुलन कायम गर्न मद्दत गर्दछ।

## १.३ अध्ययनको उद्देश्य

१. समिति प्रदेश सभाप्रति उत्तरदायि भएको हुनाले यसले गरेका हालसम्मका कार्यहरु बारे सभालाई जानकारी गराउनु,
२. प्रदेश सरकारको कार्यलाई अध्ययन, अनुगमन, मुल्याङ्कन तथा भ्रमण गर्दा देखा परेका वस्तुस्थितिको आधारमा प्रदेश सभा मार्फत सरकारलाई आवश्यक निर्देशन, सुझाव दिनु,
३. प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायहरुको बजेट तथा कार्यक्रमको कार्यान्वयनको अवस्था बारे सभालाई जानकारी गराउनु,
४. समय समयमा आफ्नो क्षेत्राधिकारभित्र रहेर समितिले गरेको कार्यक्रमको प्रगति विवरण सभालाई जानकारी गराउनु,
५. आर्थिक मामिला तथा योजना मन्त्रालयसँग राजश्व संकलन र परिचालन, स्रोत व्यवस्थापन सम्बन्धमा भएको छलफलको निष्कर्ष बारे जानकारी गराउनु,
६. प्रदेश सरकार तथा मातहतका मन्त्रालयको मन्त्रीद्वारा नीति तथा कार्यक्रम, बजेट र सदनमा व्यक्त भएका सरकारी आश्वासनको विषयमा भएको अध्ययनको निश्कर्ष दिनु,
७. प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाएका कानूनहरुको अध्ययन एवं विश्लेषण र सुझाव सभामा पेश गर्नु,
८. भौतिक पूर्वाधार विकास निर्माणको अवस्था र त्यसको गुणस्तर, आगामी आ.व. ०८२।०८३ को प्रदेश सरकारको नीति तथा कार्यक्रम तथा बजेटमा राखिनु पर्ने विषयहरुका सम्बन्धमा आफ्नो राय सुझाव सहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्नु।

## १.४ अध्ययनको सिमा

१. प्रदेश सरकारबाट यस वर्ष संचालित सम्पूर्ण वार्षिक योजना एवं क्रमागत योजना तथा वहुवर्षिय योजनाहरुको अनुगमन गर्न नसकिएको,
२. प्रदेश प्राकृतिक स्रोत तथा वित्त आयोग गठन नभएकोले तत् सम्बन्धी कार्यमा सरकारसँग समन्वय हुन नसकेको,
३. प्रदेश सरकारको आर्थिक वृद्धि तथा बजेट निर्माणका लागि पर्याप्त छलफल गर्न नसकेको।
४. सरकारको आर्थिक पक्षको निगरानीमा समितिको पर्याप्त ध्यान जान नसकेको,
५. समितिको क्षेत्राधिकारमा रहेका विषयहरुको पर्याप्त सदुपयोग नभएको ।
६. उल्लिखित विषयहरुको कार्यसम्पादन नहुनुको कारण समयभित्रै औपचारिक रुपमा समितिको सभापतिको चयन नहुनु पनि प्रमुख कारण रहेको देखिन्छ।

## परिच्छेद-२

## समितिको बैठकको मिति बैठकको संख्या र छलफलका निर्णयहरुः

**समिति गठन भएदेखि हालसम्म (२०८० साल आषाढ १२ गतेदेखि २०८२ जेठ ३० गतेसम्म) जम्मा ३० वटा बैठकहरु बसेका छन् । सोको मिति र निर्णय विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।**

**क) समितिको निर्णय र निर्देशनहरु**

### २.१ मिति २०८० भाद्र १९ गते बसेको समितिको पहिलो बैठकको निर्णयः

१. समितिको बैठक एवं कार्य प्रणालीलाई सु-व्यवस्थित, अनुशासित, मर्यादित तथा विधिसम्मत बनाउन समितिको कार्यविधि आवश्यक देखिएकोले सो कार्यविधिको मस्यौदा तयार गर्न देहाय बमोजिमको एक कार्यविधि मस्यौदा तर्जुमा उपसमिति गठन गर्ने निर्णय भयो।

**देहायः**

| | |
|---|---|
| १. डा. दिनेशचन्द्र देवकोटा | -संयोजक |
| २. मा. रमेश कुमार महत | -सदस्य |
| ३. मा. अमृता नेपाल | -सदस्य |
| ४. मा. आशा लामा | -सदस्य |
| ५. मा. मदु कुमार श्रेष्ठ | -सदस्य |

यस उपसमितिले एक महिनाभित्र कार्यविधि मस्यौदा तयार गरी प्रतिवेदन सहित समिति समक्ष पेश गर्नु पर्नेछ।

### २.२ मिति २०८० असोज १५ गते बसेको समितिको दोस्रो बैठकको निर्णयः

१. प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगसँग आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयनको अवस्था तथा प्रभावकारीता र आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वनको योजना योजना माग गरी पत्राचार गर्ने,

२. प्रदेश नीति तथा योजना आयोगलाई विगतको पञ्चवर्षीय योजनाको समिक्षात्मक प्रतिवेदन माग गरी पत्राचार गर्ने,

## २.३ मिति २०८० असोज २२ गते बसेको समितिको तेस्रो बैठकको निर्णयः

१. समितिको कार्यसञ्चालन कार्यविधि मस्यौदा उपसमितिका संयोजक मा.डा. दिनेशचन्द्र देवकोटाले समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि छलफल गर्दा मस्यौदाको दफाहरुमा समितिका माननीय सदस्यहरुले राख्नु भएको सुझावलाई समावेश गरी **"समितिको कार्यसञ्चालन कार्यविधि, २०८०"** सर्वसम्मत पारित गरियो र अर्थ तथा विकास समितिको वेवसाइटमा समिति सचिवालयले प्रकाशन गर्ने व्यवस्थाका लागि निर्देशन भयो।

## २.४ मिति २०८० फागुन १३ गते बसेको समितिको चौथों बैठकको निर्णयः

१. आज मिति २०८० फागुन १३ गते समितिका ज्येष्ठ सदस्य माननीय श्री राम प्रसाद ढुङ्गानाको सभापतित्वमा बसेको बैठकले प्रदेश सभा सचिवालयले यस समितिको कार्यक्रमहरु तथा विभिन्न गतिविधिको लागि छुट्याएको आ.ब. २०८०/०८१ को बजेट रकमलाई समायनुकुल कार्यान्वयन गर्न समिति सचिवालयले तालिका बनाई समिति बैठकमा कार्यक्रम प्रस्ताव पेश गर्न निर्देशन दिने।

२. भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगबाट प्राप्त आ.ब. २०८०/०८१ को दोस्रो चौमासिकसम्ममा भएको खर्चको विवरणको अध्ययन तथा छलफल भयो।

३. समितिको अर्को बैठक मिति २०८० फागुन १४ गते दिनको १:०० बजे बस्ने निर्णय भयो।

## २.५ मिति २०८० फागुन १४ गते बसेको समितिको पाँचौं बैठकको निर्णयः

१. आज मिति २०८० फागुन १४ गते समितिका ज्येष्ठ सदस्य माननीय श्री राम प्रसाद ढुङ्गानाको सभापतित्वमा बसेको बैठकले प्रदेश सभा सचिवालयले यस समितिको कार्यक्रमहरु तथा विभिन्न गतिविधिको लागि छुट्याएको आ.ब. २०८०/०८१ को बजेट रकम रु. १६ लाखलाई कार्यान्वयन गर्न समिति सचिवालयले पेश गरेको तालिकामाथि छलफल भयो।

## २.६ मिति २०८० फागुन १६ गते बसेको समितिको छैंटौ बैठकको निर्णयः

१. आज मिति २०८० फागुन १६ गते समितिका ज्येष्ठ सदस्य माननीय श्री राम प्रसाद ढुङ्गानाको सभापतित्वमा बसेको बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगबाट प्राप्त आ.ब. २०८०/०८१ को दोस्रो चौमासिकसम्ममा भएको खर्चको सम्बन्धमा तत् तत् निकायका माननीय मन्त्री, सचिव तथा निकाय प्रमुखलाई छलफल गर्न देहायको मिति र समयमा आमन्त्रण गर्ने,-

क. भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल मिति २०८० फागुन २२ गते विहान ११:०० बजे

ख. खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल मिति २०८० फागुन २३ गते विहान ११:०० बजे

ग. प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष र सचिवसँग छलफल मिति २०८० फागुन २४ गते विहान ११:०० बजे

## २.७ मिति २०८१ जेठ ०५ गते बसेको समितिको सातौं बैठकको निर्णयः

१) बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकज्यूले अर्थ तथा विकास समितिको सभापति पदको निर्वाचनका लागि तोक्नु भएको मिति, समय र स्थान बमोजिम प्रदेश सभा सचिवालय र समिति सचिवालयमा नेपाली काँग्रेस दलका माननीय रमेश कुमार महतको प्रस्तावमा र राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय डम्बर तामाङको समर्थनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका माननीय नुरज बज्राचार्यले मिति २०८१/०२/०४ गते निर्धारित समयावधिभित्र उम्मेदबारी मनोनयन दर्ता गराउनु भएको थियो। आज मिति २०८१ जेठ ०५ गते शनिबार अपरान्ह १२:३० बजे बसेको समितिको सातौं बैठकमा प्रस्तावक र समर्थकले प्रस्ताव पेश गरेपछि उक्त विषयमाथि निर्णयार्थ प्रस्तुत गर्दा माननीय नुरज बज्राचार्य यस समितिको सभापति पदमा सर्वसम्मत निर्वाचित हुनुभयो।

२) यस समितिको सभापति पदमा निर्वाचित माननीय नुरज बज्राचार्यलाई हार्दिक बधाई तथा अगामी कार्यकालको शुभकामना दिने निर्णय पारित गरियो।

## २.८ मिति २०८१ जेठ १६ गते बसेको समितिको आठौं बैठकको निर्णयः

१. आर्थिक वर्ष २०८०/०८१ को बजेट बागमती प्रदेश सभाको बैठकमा प्रस्तुत हुनुपूर्व, अर्थ तथा विकासको बार्षिक प्रतिवेदन सभामा पेश गर्नका लागि मस्यौदा तयार गर्न देहाय बमोजिमको सदस्यहरु रहने गरी एक **"वार्षिक प्रतिवेदन मस्यौदा"** उपसमिति गठन गर्ने निर्णय गरियोः-

<u>देहाय</u>

| | |
|---|---|
| १. माननीय रमेश कुमार महत | संयोजक |
| २. माननीय देवेन्द्र श्रेष्ठ | सदस्य |
| ३. माननीय सुना परियार | सदस्य |
| ४. माननीय ज्ञान बहादुर तामाङ | सदस्य |
| ५. माननीय लक्ष्मी श्रेष्ठ | सदस्य |

उपसमितिले बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ र प्रतिवेदनको मस्यौदा मिति २०८१ जेठ २५ गतेभित्र समितिमा पेश गर्नेछ।

२. यस समितिको जेष्ठ सदस्य माननीय रामप्रसाद ढुङ्गानाले समिति गठन भएको बखतदेखि सभापति पदमा निर्वाचित माननीय नुरज बज्राचार्य निर्वाचित हुनुपूर्वसम्म समितिको सातवटा बैठकहरु सभापतिको रुपमा भूमिका निर्वाह गरी महत्वपूर्ण योग्दान दिएकोमा समितिले हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय पारित गरियो।

## २.९ मिति २०८१ जेठ १७ गते बसेको समितिको नवौं बैठकको निर्णयः

१. भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा सिँचाई तथा खानेपानी मन्त्रालय अन्तरगत संचालित बहुबर्षीय तथा प्रदेश गौरवका आयोजनाहरु लगायतका ठुला आयोजनाको विवरण माग गर्न सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने।

२. समितिको वार्षिक कार्यक्रम तथा सोसँग सम्बन्धित आवश्यक बजेट निर्धारण तथा व्यवस्थापनका लागि पहल गर्न समिति सचिवालयलाई निर्देशन दिने।

३. भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा सिँचाई तथा खानेपानी मन्त्रालय अन्तरगत संचालित बहुबर्षीय तथा प्रदेश गौरवका आयोजनाहरु लगायतका आयोजनाहरुको अध्ययन, अनुगमन तथा निरीक्षण गर्न चारवटा उपसमितिहरु निर्माण गर्ने निर्णय गरियो।

४. समितिको अर्को बैठक मिति २०८१/०२/१८ गते विहान ७:०० बजे बस्ने निर्णय गरियो।

## २.१० मिति २०८१ जेठ १८ गते बसेको समितिको दशौं बैठकको निर्णयः

१. भौतिक पूर्वाधार विकास मन्त्रालय र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सहितको विवरण ३ (तीन)दिनभित्र उपलब्ध गराउन गरी तत् तत् मन्त्रालयमा पत्राचार गर्ने।

२. भौतिक पूर्वाधार विकास मन्त्रालय र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सम्बन्धमा मिति २०८१ जेठ २९ गते भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव र जेठ ३० गते ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालयका सचिवसँग छलफल गर्न बैठक बोलाउने।

३. अर्थ तथा विकास समितिका सदस्यहरुलाई समितिको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा मिति २०८१ आषाढको पहिलो हप्तामा समायानुकुल अनुशिक्षण कार्यक्रम राख्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न देहाय बमोजिमको जिल्लाहरुमा देहायको माननीय सदस्यहरुको संयोजकत्वमा अनुगमन टोली गठन गर्ने,-

   क. काठमाण्डौ उपत्यका र काभ्रे जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय किरण थापा मगर,

   ख. नुवाकोट, रसुवा, धादिङ्ग जिल्लाहरुका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय मदु कुमार श्रेष्ठ,

   ग. दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय सरल सहयात्री पौडेल,

   घ. चितवन, मकवानपुर सिन्धुली जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय लक्ष्मी श्रेष्ठ

## २.११ मिति २०८१ जेठ ३१ गते बसेको समितिको एघारौं बैठकको निर्णयः

१. मिति २०८० जेठ ३१ गते बसेको बैठकमा "वार्षिक प्रतिवेदन मस्यौदा तयारी उपसमितिले तयार गरेको प्रतिवेदनको मस्यौदा उपसमितिका संयोजक माननीय

रमेश कुमार महत सहितको उपसमितिको माननीय सदस्यहरुको संयुक्त उपस्थितिमा माननीय समितिका सभापति समक्ष पेश गर्नुभयो।

२. मिति २०८० जेठ ३१ गते बसेको बैठकमा "वार्षिक प्रतिवेदन मस्यौदा तयारी उपसमिति" का संयोजक माननीय रमेश कुमार महतले समितिको माननीय सभापति समक्ष पेश गर्नुभएको वार्षिक प्रतिवेदनको मस्यौदामाथि छलफल हुँदा माननीय सदस्यहरुले राख्नु भएको सुझाव समेतलाई समावेश गरी परिमार्जन सहितको प्रतिवेदन पारित गऱ्यो।

३. समितिको वार्षिक प्रतिवेदन, २०८१ माननीय सभामुख श्री भुवन कुमार पाठक समक्ष पेश गर्ने र मिति २०८१ जेठ ३२ गते प्रदेश सभाको बस्ने बैठकमा समितिका माननीय सभापति श्री नुरज बज्रचार्यले पेश गर्ने निर्णय गऱ्यो।

## २.१२ मिति २०८१ भाद्र १४ गते बसेको समितिको बाह्रौं बैठकको निर्णयः

१. आज मिति २०८१ साल भाद्र १३ गते माननीय सभापति श्री नुरज बज्रचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १२औ बैठकमा आर्थिक वर्ष २०८०/०८१ को प्रगति समिक्षा र आर्थिक वर्ष २०८१/०८२ सालको बजेट प्रभावकारी कार्यान्वयनको योजना सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग यहि भदौ २६ गते भौतिक पूर्वाधार विकास मन्त्रालयसँग यहि भदौ २७ गते र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालयसँग यहि भदौ २८ गते छलफल गर्न तत् तत् मन्त्रालयको माननीय मन्त्रीज्यू र सचिवलाई आमन्त्रण गर्ने,

२. पहिलो प्रदेश पञ्चवर्षीय योजनाको प्रगति समिक्षा र दोस्रो पञ्चवर्षीय योजनाको अन्तरवस्तुको सम्बन्धमा नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष र सचिवसँग मिति २०८१ भदौ २५ गते छलफल गर्ने,

३. यस समितिलाई आर्थिक वर्ष २०८१/०८२ को लागि प्राप्त कार्यक्रमहरुको कार्यान्वयन गर्न तोकिएको बजेट र शीर्षकको सीमाभित्र रही वार्षिक कार्यतालिका तयार गर्न माननीय सरल सहयात्री पौडेललाई जिम्मेवारी दिने।

## २.१३ मिति २०८१ भाद्र २५ गते बसेको समितिको तेह्रौं बैठकको निर्णयः

१. आज मिति २०८१ साल भाद्र २५ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १३औं बैठकमा नीति तथा योजना आयोगका सचिव श्री कृष्णप्रसाद मैनालीसँग बागमती प्रदेशको पहिलो पञ्चवर्षीय योजनाको उदेश्य, लक्ष्य र लक्ष्य प्राप्तिको समिक्षा र दोस्रो पञ्चवर्षीय योजनाहरुको अन्तरबस्तु, लक्ष्य, उदेश्य, दीर्घकालीन सोच, रणनीति, कार्यनीति, प्रदेशको आवश्यकता, अवसर, चुनौती, कमिकमजोरी तथा प्रभावकारी कार्यान्वयनका उपायहरुको सम्बन्धमा छलफल भयो।

२. दोस्रो पञ्चवर्षीय योजनाहरुको अन्तरबस्तु, लक्ष्य, उदेश्य, दीर्घकालीन सोच, रणनीति, कार्यनीति, प्रदेशको आवश्यकता, अवसर, चुनौती, कमिकमजोरीलाई मध्यनजर गरी लक्ष्यहरुको प्राप्तीमा तथा प्रभावकारी कार्यान्वयनका लागि देखिएका कानूनी जटिलताहरुको अध्ययन गर्ने।

३. बागमती प्रदेशका योजनाहरुको छनोट कार्यलाई प्रदेशको आर्थिक स्रोत र क्षमतालाई आधारमानी आश्यकतामुखी, बैज्ञानिक र सुव्यवस्थित बनाउन प्रदेशको दोस्रो पञ्चवर्षीय योजनासँग जोडन समितिले कानूनी आधार तयार गर्न अध्ययन गर्ने ।

४. मिति २०८१ साल भदौ २६ गते विहान ८:३० बजे आर्थिक मामिला तथा योजना मन्त्रालयसँग छलफल गर्न निर्धारण गरिएको बैठकलाई सोही दिन विहान ११:३० बजे राख्ने निर्णय गरियो।

## २.१४ मिति २०८१ भाद्र २६ गते बसेको समितिको चौधौं बैठकको निर्णयः

१. आज मिति २०८१ साल भाद्र २६ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १४औं बैठकमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव श्री कृष्णप्रसाद मैनालीसँग बागमती प्रदेशको आ.ब. २०८०/०८१ को बजेट खर्चको अवस्था, आ.ब. २०८१/०८२ को बजेटको प्रभावकारी कार्यान्वयनका अवसर, चुनौती, कमिकमजोरी तथा उपायहरुको सम्बन्धमा छलफल भयो।

२. यस समितिले कार्तिकदेखि बहुवर्षीय ठेक्काहरुलाई अनुगमन गर्ने र कार्य सम्पन्न गराउन सरकारलाई आवश्यक राय सुझाव दिने।

३. बागमती प्रदेशका आर्थिक साधनस्रोतको र क्षमता पहिचान गर्ने योजनाहरुको छनोट कार्यलाई प्रदेशको योजना बैङ्कसँग जोड्न पहल गर्ने ।

४. आ.ब. २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वयनलाई पहिलो त्रैमासिकबाट नै शुरु गर्न मन्त्रालयहरुलाई परिपत्र गर्न सुझाव दिने।

## २.१५ मिति २०८१ भाद्र २७ गते बसेको समितिको पन्ध्रौं बैठकको निर्णयः

१. आज मिति २०८१ साल भाद्र २७ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १५औं बैठकमा माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री अमन कुमार मास्के र सचिव श्री अमृत श्रेष्ठसँग बागमती प्रदेशको आ.ब. २०८०/०८१ को बजेट खर्चको अवस्था, आ.ब. २०८१/०८२ को बजेटको प्रभावकारी कार्यान्वयनका अवसर, चुनौती, कमिकमजोरी तथा उपायहरुको सम्बन्धमा छलफल भयो।

२. यस समितिले कार्तिकदेखि बहुवर्षीय ठेक्काहरुलाई अनुगमन गर्ने र कार्य सम्पन्न गराउन सरकारलाई आवश्यक राय सुझाव दिने।

३. काठमाण्डौं उपत्यकाको भौतिक पूर्वाधार विकासका अन्य सरोकारबाला तह र निकायसँग समन्वय गरी ठोस योजनाहरु निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

४. यस मन्त्रालयबाट बागमती प्रदेशभित्रका स्थानीय ग्रामीण बस्ती तथा शहरको विकास गर्दा उक्त क्षेत्रको मौलिक पहिचान झल्किने कला, संस्कृति र सम्पदालाई समेत अनिवार्य रुपमा राख्ने गरी डिजाइन तयार गर्ने तथा निर्माण कार्य गर्न मन्त्रालयलाई निर्देशन दिने।

## २.१६ मिति २०८१ भाद्र २७ गते बसेको समितिको सोह्रौं बैठकको निर्णयः

१. आज मिति २०८१ साल भाद्र २७ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १६औं बैठकमा माननीय खानेपानी, उर्जा तथा सिँचाई मन्त्री श्री श्याम बहादुर खड्का र सचिव श्री इन्द्रदेव भट्टसँग बागमती प्रदेशको आ.ब. २०८०/०८१ को बजेट खर्चको अवस्था, आ.ब. २०८१/०८२ को बजेटको प्रभावकारी कार्यान्वयनका अवसर, चुनौती, कमिकमजोरी तथा उपायहरुको सम्बन्धमा छलफल भयो।

२. यस मन्त्रालय अन्तर्गत रहेका योजना/आयोजनाहरुको कार्यान्वयन गर्दा आर्थिक वर्षको अन्त्यमा हतारमा कार्य गर्ने वा जसरी पनि सिँध्याउने परिपाटीलाई नियन्त्रण गर्न मातहतका कार्यालयहरुलाई आर्थिक वर्षको दोस्रो महिनाको शुरु मै अख्तियारी दिने र पहिलो त्रैमासिकभित्र ठेक्का निकाल्ने कार्य अगाडी बढाउन निर्देशन दिने।

३. मन्त्रालयलाई देहायका कार्यहरु गर्न प्रक्रिया अगाडी बढाउन निर्देशन दिनेः-
- मन्त्रालय मातहतका कार्यालय अन्तर्गतका योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गराउँदा मन्त्रालयहरुले कडाइका साथ निगरानी गर्ने,
- अधुरा योजनाहरु पुरा गर्न आवश्यक पहलकदमी

## २.१७ मिति २०८१ असोज ५ गते बसेको समितिको सत्रौं बैठकको निर्णयः

१. अर्थ तथा विकास समितिको मिति २०८१ असोज ०५ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको १७औं बैठकले बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय अन्तर्गतका काठमाण्डौ उपत्यका र काभ्रे जिल्लाका देहायका कार्यालय/निकायहरुको मिति २०८१ असोज १३ गतेदेखि असोज १६ गतेसम्म माननीय ज्ञान बहादुर तामाङज्यूको संयोजकत्वमा स्थलगत अनुगमन गर्ने सोको प्रतिवेदन एक महिनाभित्र समितिमा पेश गर्ने।

२. आ.ब. २०८१/०८२ को बजेटबाट स्वीकृत समितिको आगामी कार्यक्रमका लागि माननीय सरल सहयात्री पौडेलले पेश गर्नु भएको देहायको कार्यक्रम तालिका पारित गरी र माननीय सरल सहयात्री पौडेललाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियोः-

**कार्यक्रम तालिकाः-**

| क्र.स. | कार्यक्रम शिर्षक | कार्यान्वयन मिति | कार्यान्वयनको प्रकृति |
|---|---|---|---|
| १ | फिल्ड अनुगमन | २०८१ असोज १३ देखि १५ गतेभित्र | जिल्लास्थित कार्यालयहरुको अनुगमन, अन्तरक्रिया, विनियोजित २०८१/८२ बजेट कार्यान्वयनको प्रगति र छानिएका बहुवर्षीय योजनाको अनुगमन |
| २ | फिल्ड अनुगमन | २०८१ पौष १ देखि २० गतेभित्र | योजनाको सम्झौता एवं कार्यान्वयनको अवस्था कार्यान्वयनमा देखिएका समस्या भौतिक प्रगतिको अवस्था एवं जन गुनासो सङ्कलन |

| क्र.स. | कार्यक्रम शिर्षक | कार्यान्वयन मिति | कार्यान्वयनको प्रकृति |
|---|---|---|---|
| ३ | फिल्ड अनुगमन | २०८२ बैशाख २५ गतेदेखि जेष्ठ १० गतेभित्र | फिल्ड अनुगमन, भौतिक एवं वित्तिय प्रगति बारे सम्बन्धित कार्यालयहरुसँग अन्तर्क्रिया एवं जन गुनासो सुनुवाई |
| ४ | विषयगत समितिका सदस्यहरुलाई विधेयक मस्यौदा तयारी प्रतिवेदन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | २०८१ मंसिर २ र ३ वा मंसिरको पहिलो हप्ता | उपयुक्त स्थान तय गरी उपलब्धीमूलक कार्यक्रम सञ्चालन गर्ने |
| ५ | समिति सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम | २०८१ मंसिर २० गतेदेखि ३० गतेभित्र | कम्तीमा ३ वटा प्रदेश भ्रमण गर्ने |
| ६ | विषयगत समितिको कार्यक्षेत्र बमोजिम विज्ञ तथा सरोकारवालासँग छलफल तथा अन्तरक्रिया | २०८१ माघ २७ र २८ | प्रतिनिधिमूलक सरोकारवालाहरुलाई समेत आमन्त्रण गरी विषय विज्ञहरु समेतलाई राखेर बजेट निर्माण सम्बन्धमा र भएका कामहरुका सम्बन्धमा अन्तरक्रिया गर्ने |
| ७ | पूर्वबजेट छलफल | २०८१ फागुन १८ गतेदेखि २४ गतेभित्र | विगत बजेटहरुको समिक्षा, विषयगत मन्त्रालयहरुको भिन्नाभिन्नै विषयगत छलफल |
| ८ | विषयगत समिति तथा संसदीय समितिको छानविन | | अर्थ तथा विकास समितिसँग सम्बन्धित कार्यालय तथा कार्यान्वयन निकाय लगायत आम जनसमुदायलाई जनगुनासो दर्ता गर्न सूचना जारी गर्ने |

## २.१८ मिति २०८१ मंसिर ५ गते बसेको समितिको अठारौं बैठकको निर्णयः

१. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरण सहितको प्रतिवेदन तयार गरी २०८१ साल मंसिर मसान्तभित्र यस समितिमा पेस गर्न प्रदेश नीति तथा योजना आयोगलाई निर्देशन दिने,

२. मिति २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको पूनर्निर्माण, न्यूनीकरण तथा जनताको दैनिक जिवन सहजताका लागि

आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयले गरेका कार्यको प्रगति विवरण माग गर्ने।

## २.१९ मिति २०८१ पौष १२ गते बसेको समितिको उन्नाइसौं बैठकको निर्णयः

१. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरण सहितको प्रतिवेदन तयार गरी २०८१ साल मंसिर मसान्तभित्र यस समितिमा पेस गर्न प्रदेश नीति तथा योजना आयोगलाई समितिले दिएको निर्देशनलाई कार्यान्वयन गर्ने क्रममा उक्त आयोगले संक्षिप्त प्रतिवेदन तयार गरी समितिमा पेश गऱ्यो र सो उपर छलफल भयो।

२. नुवाकोट, रसुवा र धादिङ जिल्लाका भौतिक पुर्वाधार तथा खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयसँग सम्बन्धित आयोजना र कार्यालयहरुको अनुगमन गर्न माननीय डम्बर बहादुर तामाङज्यूसँग समन्वय गरी मिति र समय निर्धारण गर्ने र सो बमोजिम कार्य गर्ने

३. यस समितिले हालसम्म गरेका निर्णय /निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा संक्षिप्त प्रतिवेदन तयार गरी समिति सचिवालयले समितिमा पेश गर्ने।

४. समितिको अर्को बैठक सूचना नभएसम्मका लागि स्थगित भयो।

## २.२० मिति २०८१ माघ १३ गते बसेको समितिको बिसौं बैठकको निर्णयः

१. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट खानेपानी तथा सिँचाई क्षेत्रमा भएका क्षतिहरुको व्यवस्थापनको सम्बन्धमा खानेपानी उर्जा तथा सिँचाई मन्त्रालयका माननीय मन्त्रिज्यू तथा सचिवज्यूसँग छलफल भयो।

२. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको व्यवस्थापनका लागि आवश्यक बजेट रकम निकासाको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने,

३. खानेपानी उर्जा र सिँचाई क्षेत्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने प्रदेश ऐन तथा कानूनहरु निर्माण गर्न खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयलाई निर्देशन दिने।

## २.२१ मिति २०८१ माघ १४ गते बसेको समितिको एक्काईसौं बैठकको निर्णयः

१. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट प्रदेश भौतिक पुर्वाधारको क्षेत्रमा भएका क्षतिहरुको व्यवस्थापनको सम्बन्धमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवज्यूसँग छलफल भयो।

२. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरणमा आयोजनाहरुको देहाय बमोजिम वर्गीकरण हुनुपर्नेमा हालसम्म नभएकोले सो कार्य यथाशिघ्र गरी समितिलाई जानकारी गराउन भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने,-

- संघीय सरकारले व्यस्थापन गर्नुपर्ने क्षति विवरण
- प्रदेश सरकारले व्यस्थापन गर्नुपर्ने क्षति विवरण
- स्थानीय तहले व्यस्थापन गर्नुपर्ने क्षति विवरण
- प्रदेश सरकारको काबु बाहिरको क्षति विवरण

३. भौतिक पूर्वाधार विकासको क्षेत्र सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक पर्ने प्रदेश ऐन तथा कानूनहरु निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।

## २.२२ मिति २०८१ माघ १५ गते बसेको समितिको बाईसौं बैठकको निर्णयः

१. मिति २०८१ माघ १५ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा प्रदेशको अर्थ व्यवस्था, राजस्व संकलन र प्रदेश सरकारले निर्माण गरेका र निर्माण गर्नु पर्ने कानूनहरुको सम्बन्धमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो।

२. प्रदेशको अर्थ व्यवस्था, राजस्व संकलन र प्रदेश सरकारले निर्माण गरेका र निर्माण गर्नु पर्ने कानूनहरुको अध्ययन गर्न देहायका माननीय सदस्यहरु रहने गरी सात सदस्यीय एक कानून अध्ययन उपसमिति गठन गर्ने निर्णय भयो।

क. माननीय रमेश कुमार महत

ख. माननीय ॐ कुमारी श्रेष्ठ

ग. माननीय अमृता नेपाल

घ. माननीय डम्बर तामाङ

ङ. माननीय डा. दिनेशचन्द्र देवकोटा

च. माननीय राम प्रसाद ढुङ्गाना

छ. माननीय सुना परियार

➢ उपसमितिले गर्नुपर्ने कार्यविवरण देहाय बमोजिम हुनेछः-

क. खानेपानी उर्जा तथा सिँचाई मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा नीति तथा योजना आयोगले बनाउनु पर्ने मुल कानुन बने नबनेको अध्ययन गर्ने,

ख. खानेपानी उर्जा तथा सिँचाई मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा नीति तथा योजना आयोगले बनाएका मुल कानुन अन्तरगतका प्रत्यायोजित कानूनहरुको अध्ययन गर्ने,

ग. ती निकायहरुले बनाउनु पर्ने आवश्यक कानुनहरुको आवश्यकता र औचित्यता पहिचान गरी विवरण तयार गर्ने र निर्माणका लागि प्रस्ताव गर्ने

घ. राजस्व सम्बन्धी कानूनको पहिचान तथा अध्ययन गर्ने

ङ. समितिले तोकि दिएको अन्य कार्य गर्ने।

➢ उपसमितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ।

➢ उपसमितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।

➢ उपसमितिले गरेको कार्यहरुको प्रगति पहिलो तीन महिनाभित्र पेश गर्नु पर्नेछ।

३. प्रदेश सभा सचिवालयको नव निर्मित भवनको शिर्ष भागमा अंग्रेजीमा लेखिएको BAGAMATI PROVINCE ASSEMBLY लाई हटाइ नेपाली, नेपालभाषा र तामाङ भाषामा नाम लेख्न प्रदेश सभा सचिवालयलाई निर्देशन दिने।

## २.२३ मिति २०८१ माघ २७ गते बसेको समितिको तेईसौं बैठकको निर्णयः

१. मिति २०८१ माघ २७ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा प्रदेशको अर्थ व्यवस्था तथा राजस्व संकलन उपयाहरुको सम्बन्धमा माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो।

२. समितिको आगामी बैठकमा प्रदेश सरकारको राजस्व वृद्धिका विकल्पहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँग छलफल गर्ने।

## २.२४ मिति २०८१ चैत्र १८ गते बसेको समितिको चौबिसौं बैठकको निर्णयः

१. मिति २०८१ चैत्र १८ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा प्रदेश नीति तथा योजना आयोगको माननीय उपाध्यक्ष श्री गंगादत्त नेपालले २०८१ असोज महिनाको ११ र १२ गतेको **"अविरल वर्षाका कारण वागमती प्रदेशमा भएको क्षतिसम्बन्धी विपद् पश्चात आवश्यकता मुल्याङ्कन प्रतिवेदन, २०८१(Post Disaster Need Assessment Report, 2081)"** पेश गर्नु भई सो उपर आफ्नो धारणा संक्षिप्त राखु भयो। सोही बैठकमा आयोगसँग विशेष गरी प्रदेश आयोजना बैङ्कको आवश्यकता, अवस्था र यसको कार्यान्वयन सन्दर्भमा छलफल भयो। यसको अलवा प्रदेशको अर्थ व्यवस्था, राजस्व संकलन र आयोगले निर्माण गरेका र निर्माण गर्नुपर्ने कानूनहरुको सम्बन्धमा समितिका माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो।

२. *"प्रदेश* नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकारलाई सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनहरुको निर्माण प्रक्रिया यथाशीघ्र अगाडी वढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने र सोको बोधार्थ प्रदेश नीति तथा योजना आयोगलाई दिने।

३. प्रदेश नीति तथा योजना आयोगले पेश गरेको २०८१ असोज महिनाको ११ र १२ गतेको **"अविरल वर्षाका कारण वागमती प्रदेशमा भएको क्षतिसम्बन्धी विपद् पश्चात आवश्यकता मुल्याङ्कन प्रतिवेदन, २०८१(Post Disaster Need**

**Assessment Report, 2081)" को आधारमा संघ प्रदेश र स्थानीय तहले गर्ने कार्यहरुको वर्गीकरण गरी तिनै तहबीच समन्वय, सहकार्य र छलफल लागि** यथाशिघ्र आवश्यक व्यवस्था मिलाउन प्रदेश सरकार(मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय)लाई निर्देशन दिने।

४. प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणाली(को अवधारणालाई) आर्थिक वर्ष २०८२/०८३ देखि नै आवश्यक प्रक्रिया पुरा गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने र सोको बोधार्थ प्रदेश नीति तथा योजना आयोगलाई दिने।

## २.२५ मिति २०८१ चैत्र १८ गते बसेको समितिको पच्चिसौं बैठकको निर्णयः

१. मिति २०८१ चैत्र १८ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा समितिको वार्षिक कार्यक्रम अन्तर्गत समितिको सभापतिको नेतृत्वमा अन्तर प्रदेश अनुभव आदान प्रदान गर्न २०८२ सालको बैशाख महिनाको पहिलो हप्ता कोशी प्रदेशको यस समितिको कार्यविवरणसँग मिल्ने समितिका माननीय सदस्यहरु र सोही प्रदेशका माननीय सभामुखज्यूसँग भेटघाट, छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय भयो।

२. समितिको वार्षिक कार्यक्रम अन्तर्गत पूर्वबजेट छलफलका लागि देहायका तहहरुमा वैशाखको पहिलो हप्ताबाट छलफल गर्ने निर्णय भयो।
   - विभिन्न मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँग
   - विभिन्न सहरमा व्यापारिक क्षेत्रका प्रतिनिधिहरुसँग
   - स्थानीय तहका जनप्रतिनिधि तथा जनतासँग
   - दुर्गम क्षेत्रका जनतासँग

## २.२६ मिति २०८१ चैत्र १९ गते बसेको समितिको छबिसौं बैठकको निर्णयः

१. मिति २०८१ चैत्र १९ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दनराज काफ्लेको समुपस्थितिमा श्रीमान सचिव कृष्णप्रसाद मैनालीले आ.ब. २०८१/०८२ को फागुन मसान्तसम्म प्रदेश सरकारबाट भएको बजेटको भौतिक तथा वित्तीय प्रगतिको विवरण र नेपालको संविधानद्वारा प्रदत्त अधिकारभित्र रही प्रदेश सरकारको अर्थ व्यवस्था, राजस्वको दायरा र विभिन्न क्षेत्रहरुबाट

उठेका र उठन नसकेका राजस्व सम्बन्धी विषयहरुमाथि छलफल भयो। राजस्व संकलनमा संघीय सरकार र स्थानीय तहले प्रदेश सरकारलाई गर्न सक्ने र गर्नु पर्ने सहयोग, समन्वय र सहकार्य सम्बन्धमा समितिका माननीय सदस्यहरुले आ-आफ्नो धारणा राख्नु भयो र छलफल भयो।

२. प्रदेश सरकारले राजस्व संकलन गर्दा तथा कर कायम गर्दा उत्पादन र उत्पादकत्वसँग जोडेर कर निर्धारण गर्ने नीति बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने ।

## २.२७ मिति २०८२ बैशाख १० गते बसेको समितिको सत्ताईसौं बैठकको निर्णयः

१. मिति २०८२ बैशाख १० गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा माननीय सदस्यहरुले समितिको आन्तरिक कामकाज तथा गतिविधि लगायत समितिको कार्य र कमीकमजोरीको विषयमा आ-आफ्नो धारणा राख्नु भयो र छलफल भयो।

२. समितिको पुर्वबजेट छलफल सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको कार्यालयमा स्थानीय जनतासँग मिति २०८२/बैशाख/१९ गते शुक्रबारको दिन गर्ने र देहायको प्रतिनिधिमुलक संघसंस्थाहरुसँग मिति २०८२/बैशाख/२० गते काभ्रेप्लान्चोक धुलिखेलको सारथी होटलमा गर्नेः

- नेपाल नगरपालिका संघ
- गाउँपालिका राष्ट्रिय महासँघ
- नेपाल उद्योग वाणिज्य महासँघ
- बागमती प्रदेश उद्योग बाणिज्य महासँघ
- नेपाल हस्तकला महासंघ
- बागमती प्रदेश हस्तकला सँघ
- नेपाल निर्माण व्यवसायी महासँघ
- क्रसर व्यावसायी महासँघ
- धुलीखेल नगरपालिका प्रमुख तथा वडाध्यक्ष र सदस्यहरुसँग
- उद्योग बाणिज्य विभाग धुलिखेल

## २.२८ मिति २०८२ बैशाख २४ गते बसेको समितिको अठाईसौं बैठकको निर्णयः

१. मिति २०८१ बैशाख २४ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा प्रदेश सरकारका सबै मन्त्रालयका सचिवज्यूहरु तथा महाशाखा प्रमखुज्युहरुसँग मन्त्रालयको आ.ब. २०८१/०८२ को बैशाख २३ सम्मको प्रदेश सरकारबाट भएको बजेटको भौतिक तथा वित्तीय प्रगतिको विवरण र मन्त्रालयको आ.ब. २०८२/०८३ को बजेट निर्माणको प्रकृति तथा अवस्था सम्बन्धमा छलफल भयो।

२. नेपालको संविधानको अनुसुची-६ले प्रदेशलाई दिइएको एकल अधिकारका क्षेत्रहरुमा आधारित भई प्रदेश सरकारका मन्त्रालय, कार्यालय र कर्मचारीहरुको संख्या र सोको आधारमा भएको खर्चलाई कटौती गरी आर्थिक मितव्ययी कायम गर्न पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोले प्रदेश सरकारले पुनर्संरचना अध्ययन समिति गठन गरी ३(तीन) महिनाभित्र यस समितिलाई प्रतिवेदन पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने

३. बागमती प्रदेशको ६६ वटै निर्वाचन क्षेत्रहरुलाई आवश्यकताको आधारमा न्यायोचित वितरण हुने गरी बागमती प्रदेश सरकारको आ.ब. २०८२/०८३ को कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न र बजेट निर्माण गर्दा नेपालको संविधानद्वारा प्रदत्त एकल अधिकारका क्षेत्रहरुलाई प्राथमिकता दिने गरी बजेट तथा कार्यक्रम निर्माण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत सबै मन्त्रालयलाई निर्देशन दिने।

४. बागमती प्रदेशको वनभित्र रहेका प्राकृतिक स्रोत तथा सुखा खडा ढला पडा रुखहरुलाई आवश्यक व्यवस्थापन गरी प्रदेश सरकारको राजस्वसँग जोड्न कानून निर्माण गर्न बन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।

५. बागमती प्रदेशले जारी गरेका नीति तथा कार्यक्रमहरुको अध्ययन, पुनरावलोकन तथा समिक्षा गरी आगामी बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र सो अनुरुपको बजेट निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई निर्देशन दिने।

६. प्रदेश सरकारद्वारा स्वीकृत भएका बहुवर्षीय र स्रोत सुनिश्चितता भएका आयोजनालाई प्रतिफलका आधारमा वर्गीकरण गरी मात्र कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिद्लाई निर्देशन दिने।

## २.२९ मिति २०८२ जेष्ठ १३ गते बसेको समितिको उनान्तिसौं बैठकको निर्णयः

१. मिति २०८२ जेठ १३ गते माननीय सभापति श्री नुरज बज्राचार्यको सभापतित्वमा बसेको समितिको बैठकले माननीय सुना परियारको संयोजकत्वमा देहायका माननीय सदस्य रहने गरी एक वार्षिक प्रतिवेदन तयार उपसमिति गठन गर्ने निर्णय गरेको छ।

१. माननीय सुना परियार -संयोजक
२. माननीय ॐ कुमारी श्रेष्ठ -सदस्य
३. माननीय अमृता नेपाल -सदस्य
४. माननीय माईली तामाङ -सदस्य
५. माननीय लक्ष्मि देवी श्रेष्ठ -सदस्य

२. प्रदेश राजस्व बृद्धि सम्बन्धमा यस क्षेत्रका विज्ञ तथा सरोकारवाला सँग छलफल गरी आवश्यक कानुन निर्माणका लागि अध्ययन गर्ने ।

## ख) समितिको निर्णय र निर्देशनहरुको कार्यान्वयन अवस्था

### अर्थ तथा विकास समितिको बैठक निर्णय र कार्यन्वयनको अवस्था

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| १ | २०८०/०५/१९ | १. समितिको बैठक एवं कार्य प्रणालीलाई सु-व्यवस्थित, अनुशासित, मर्यादित तथा विधिसम्मत बनाउन समितिको कार्यविधि आवश्यक देखिएकोले सो कार्यविधिको मस्यौदा तयार गर्न देहाय बमोजिमको एक कार्यविधि मस्यौदा तर्जुमा उपककसमिति गठन गर्ने निर्णय भयो।<br>२. उपसमितिले एक महिनाभित्र कार्यविधि मस्यौदा तयार गरी प्रतिवेदन सहित समिति समक्ष पेश गर्नु पर्नेछ। | | भएको | | |
| २ | २०८०/०६/१५ | १. प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगसँग आर्थिक वर्ष २०७९/०८० को बजेट कार्यान्वयनको अवस्था तथा प्रभावकारीता र आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वनको योजना योजना माग गरी पत्राचार गर्ने,<br>२. प्रदेश नीति तथा योजना आयोगलाई विगतको पञ्चवर्षीय योजनाको समिक्षात्मक प्रतिवेदन माग गरी पत्राचार गर्ने, | | भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगले विवरण पठाएको | खानेपानी ऊर्जा तथा सिचाई मन्त्रालयले विवरण नपठाएको। | |
| ३ | २०८०/०६/२२ | १. समितिको कार्यसञ्चालन कार्यविधि मस्यौदा उपसमितिका संयोजक मा.डा. दिनेशचन्द्र देवकोटाले समिति समक्ष पेश गरेको प्रतिवेदनमाथि छलफल गर्दा मस्यौदाको दफाहरुमा | | भएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | समितिका माननीय सदस्यहरुले राख्नु भएको सुझावलाई समावेश गरी "समितिको कार्यसञ्चालन कार्यविधि, २०८०" सर्वसम्मत पारित गरियो र अर्थ तथा विकास समितिको वेवसाइटमा समिति सचिवालयले प्रकाशन गर्ने व्यवस्थाका लागि निर्देशन भयो। | | | | |
| ४ | २०८०/११/१३ | १. आज मिति २०८० फागुन १३ गते समितिका ज्येष्ठ सदस्य माननीय श्री राम प्रसाद ढुङ्गानाको सभापतित्वमा बसेको बैठकले प्रदेश सभा सचिवालयले यस समितिको कार्यक्रमहरु तथा विभिन्न गतिविधिको लागि छुट्याएको आ.ब. २०८०/०८१ को बजेट रकमलाई समायनुकुल कार्यान्वयन गर्न समिति सचिवालयले तालिका बनाई समिति बैठकमा कार्यक्रम प्रस्ताव पेश गर्न निर्देशन दिने।<br>२. भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगबाट प्राप्त आ.ब. २०८०/०८१ को दोस्रो चौमासिकसम्ममा भएको खर्चको विवरणको अध्ययन तथा छलफल भयो। | निर्णय नं.१ भएको | | निर्णय नं.२ नभएको | |
| ५ | २०८०/११/१६ | १. आज मिति २०८० फागुन १६ गते समितिका ज्येष्ठ सदस्य माननीय श्री राम प्रसाद ढुङ्गानाको सभापतित्वमा बसेको बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय र नीति तथा योजना आयोगबाट प्राप्त आ.ब. २०८०/०८१ को दोस्रो चौमासिकसम्ममा भएको खर्चको सम्बन्धमा तत् तत् | | नभएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | निकायका माननीय मन्त्री, सचिव तथा निकाय प्रमुखलाई छलफल गर्न देहायको मिति र समयमा आमन्त्रण गर्ने,-<br>क. भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल मिति २०८० फागुन २२ गते विहान ११:०० बजे<br>ख. खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालयका माननीय मन्त्री र सचिवसँग छलफल मिति २०८० फागुन २३ गते विहान ११:०० बजे<br>ग. प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष र सचिवसँग छलफल मिति २०८० फागुन २४ गते विहान ११:०० बजे | | | | |
| ६ | २०८१/०२/१६ | १. आर्थिक वर्ष २०८०/०८१ को बजेट बागमती प्रदेश सभाको बैठकमा प्रस्तुत हुनुपूर्व, अर्थ तथा विकासको बार्षिक प्रतिवेदन सभामा पेश गर्नका लागि मस्यौदा तयार गर्न देहाय बमोजिमको सदस्यहरु रहने गरी एक **"वार्षिक प्रतिवेदन मस्यौदा"** उपसमिति गठन गर्ने निर्णय गरियोः-<br>उपसमितिले बैठक सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ र प्रतिवेदनको मस्यौदा मिति २०८१ जेठ २५ गतेभित्र समितिमा पेश गर्नेछ। | | भएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| ७ | २०८१/०२/१७ | १. भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा सिँचाई तथा खानेपानी मन्त्रालय अन्तरगत संचालित बहुबर्षीय तथा प्रदेश गौरवका आयोजनाहरु लगायतका ठुला आयोजनाको विवरण माग गर्न सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने।<br>२. भौतिक पूर्वाधार विकास मन्त्रालय र उर्जा सिँचाई तथा खानेपानी मन्त्रालय अन्तरगत संचालित बहुबर्षीय तथा प्रदेश गौरवका आयोजनाहरु लगायतका आयोजनाहरुको अध्ययन, अनुगमन तथा निरीक्षण गर्न चारवटा उपसमितिहरु निर्माण गर्ने निर्णय गरियो। | समितिको वार्षिक कार्यक्रम तथा सोसँग सम्बन्धित आवश्यक बजेट निर्धारण तथा व्यवस्थापनका लागि पहल गर्न समिति सचिवालयलाई निर्देशन दिने। | भएको | | पत्राचार भएको तर भौतिक पूर्वाधार विकास मन्त्रालयबाट विवरण उपलब्ध नगराएको |
| ८ | २०८१/०२/१८ | १. भौतिक पूर्वाधार विकास मन्त्रालय र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सहितको विवरण ३ (तीन)दिनभित्र उपलब्ध गराउन गरी तत् तत् मन्त्रालयमा पत्राचार गर्ने।<br>२. भौतिक पूर्वाधार विकास मन्त्रालय र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सम्बन्धमा मिति २०८१ जेठ २९ गते भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव र जेठ ३० गते ऊर्जा, खानेपानी | | निर्णय नं.१ भएको, | निर्णय नं.२ नभएको, | निर्णय नं.३ कार्यान्वयन गर्न बाँकी रहेको,<br>निर्णय नं. ४ भएको तर अनुगमन कार्यक्रम हुन बाँकी रहेको |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | तथा सिँचाई मन्त्रालयका सचिवसँग छलफल गर्न बैठक बोलाउने।<br>३. अर्थ तथा विकास समितिका सदस्यहरुलाई समितिको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा मिति २०८१ आषाढको पहिलो हप्तामा समायानुकुल अनुशिक्षण कार्यक्रम राख्ने।<br>४. भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय अन्तर्गत संचालित प्रदेश गौरवका आयोजनाहरु, बहुवर्षीय आयोजनाहरु र एक करोडभन्दा बढीका आयोजनाहरुको वर्तमान अवस्था सम्बन्धमा अध्ययन तथा अनुगमन गर्न देहाय बमोजिमको जिल्लाहरुमा देहायको माननीय सदस्यहरुको संयोजकत्वमा अनुगमन टोली गठन गर्ने,-<br>क. काठमाण्डौ उपत्यका र काभ्रे जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय किरण थापा मगर,<br>ख. नुवाकोट, रसुवा, धादिङ्ग जिल्लाहरुका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय मदु कुमार श्रेष्ठ,<br>ग. दोलखा, रामेछाप र सिन्धुपाल्चोक जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय सरल सहयात्री पौडेल, | | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | घ. चितवन, मकवानपुर सिन्धुली जिल्लाका भौतिक पूर्वाधार अध्ययन उपसमितिका संयोजक- माननीय लक्ष्मी श्रेष्ठ | | | | |
| ९ | २०८१/०२/३१ | १. मिति २०८० जेठ ३१ गते बसेको बैठकमा "वार्षिक प्रतिवेदन मस्यौदा तयारी उपसमितिले तयार गरेको प्रतिवेदनको मस्यौदा उपसमितिका संयोजक माननीय रमेश कुमार महत सहितको उपसमितिको माननीय सदस्यहरुको संयुक्त उपस्थितिमा माननीय समितिका सभापति समक्ष पेश गर्नुभयो। | | भएको | | |
| १० | २०८१/०५/१४ | १. आज मिति २०८१ साल भाद्र १३ गते माननीय सभापति श्री नुरज बज्रचार्यज्यको सभापतित्वमा बसेको अर्थ तथा विकास समितिको १२औ बैठकमा आर्थिक वर्ष २०८०/०८१ को प्रगति समिक्षा र आर्थिक वर्ष २०८१/०८२ सालको बजेट प्रभावकारी कार्यान्वयनको योजना सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग यहि भदौ २६ गते , भौतिक पूर्वाधार विकास मन्त्रालयसँग यहि भदौ २७ गते र ऊर्जा, खानेपानी तथा सिँचाई मन्त्रालयसँग यहि भदौ २८ गते छलफल गर्न तत् तत् मन्त्रालयको माननीय मन्त्रीज्यू र सचिवलाई आमन्त्रण गर्ने,<br>२. पहिलो प्रदेश पञ्चवर्षीय योजनाको प्रगति समिक्षा र दोस्रो पञ्चवर्षीय योजनाको अन्तरवस्तुको सम्बन्धमा | | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष र सचिवसँग मिति २०८१ भदौ २५ गते छलफल गर्ने, | | | | |
| ११ | २०८१/०५/२५ | १. दोस्रो पञ्चवर्षीय योजनाहरुको अन्तरबस्तु, लक्ष्य, उदेश्य, दीर्घकालीन सोच, रणनीति, कार्यनीति, प्रदेशको आवश्यकता, अवसर, चुनौती, कमिकमजोरीलाई मध्यनजर गरी लक्ष्यहरुको प्राप्तीमा तथा प्रभावकारी कार्यान्वयनका लागि देखिएका कानूनी जटिलताहरुको अध्ययन गर्ने।<br>२. बागमती प्रदेशका योजनाहरुको छनोट कार्यलाई प्रदेशको आर्थिक स्रोत र क्षमतालाई आधारमानी आश्यकतामुखी, बैज्ञानिक र सुव्यवस्थित बनाउन प्रदेशको दोस्रो पञ्चवर्षीय योजनासँग जोडन समितिले कानूनी आधार तयार गर्न अध्ययन गर्ने । | | | | |
| १२ | २०८१/०५/२६ | १. यस समितिले कार्तिकदेखि बहुवर्षीय ठेक्काहरुलाई अनुगमन गर्ने र कार्य सम्पन्न गराउन सरकारलाई आवश्यक राय सुझाव दिने।<br>२. बागमती प्रदेशका आर्थिक साधनस्रोतको र क्षमता पहिचान गर्ने योजनाहरुको छनोट कार्यलाई प्रदेशको योजना बैङ्कसँग जोड्न पहल गर्ने ।<br>३. आ.ब. २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वयनलाई पहिलो त्रैमासिकबाट नै शुरु गर्न मन्त्रालयहरुलाई परिपत्र गर्न सुझाव दिने। | निर्णय नं.१ र ३ भएको | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| १३ | २०८१/०५/२७ | १. यस समितिले कार्तिकदेखि बहुवर्षीय ठेक्काहरुलाई अनुगमन गर्ने र कार्य सम्पन्न गराउन सरकारलाई आवश्यक राय सुझाव दिने।<br>२. काठमाण्डौं उपत्यकाको भौतिक पूर्वाधार विकासका अन्य सरोकारबाला तह र निकायसँग समन्वय गरी ठोस योजनाहरु निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने।<br>३. यस मन्त्रालयबाट बागमती प्रदेशभित्रका स्थानीय ग्रामीण बस्ती तथा शहरको विकास गर्दा उक्त क्षेत्रको मौलिक पहिचान झल्किने कला, संस्कृति र सम्पदालाई समेत अनिवार्य रुपमा राख्ने गरी डिजाइन तयार गर्ने तथा निर्माण कार्य गर्न मन्त्रालयलाई निर्देशन दिने। | निर्णय नं.१,२ र २ भएको | | | |
| १४ | २०८१/०५/२७ | १. यस मन्त्रालय अन्तर्गत रहेका योजना/आयोजनाहरुको कार्यान्वयन गर्दा आर्थिक वर्षको अन्त्यमा हतारमा कार्य गर्ने वा जसरी पनि सिँध्याउने परिपाटीलाई नियन्त्रण गर्न मातहतका कार्यालयहरुलाई आर्थिक वर्षको दोस्रो महिनाको शुरु मै अख्तियारी दिने र पहिलो त्रैमासिकभित्र ठेक्का निकाल्ने कार्य अगाडी बढाउन निर्देशन दिने।<br>२. मन्त्रालयलाई देहायका कार्यहरु गर्न प्रक्रिया अगाडी बढाउन निर्देशन दिनेः- | निर्णय नं.१ र २ भएको | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | • मन्त्रालय मातहतका कार्यालय अन्तर्गतका योजनाहरु उपभोक्ता समिति मार्फत निर्माण गराउँदा मन्त्रालयहरुले कडाइका साथ निगरानी गर्ने,<br>• अधुरा योजनाहरु पुरा गर्न आवश्यक पहलकदमी | | | | |
| १५ | २०८१/०६/०५ | १. अर्थ तथा विकास समितिको मिति २०८१ असोज ०५ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको १७औ बैठकले बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालय अन्तर्गतका काठमाण्डौ उपत्यका र काभ्रे जिल्लाका देहायका कार्यालय/निकायहरुको मिति २०८१ असोज १३ गतेदेखि असोज १६ गतेसम्म माननीय ज्ञान बहादुर तामाङज्यूको संयोजकत्वमा स्थलगत अनुगमन गर्ने सोको प्रतिवेदन एक महिनाभित्र समितिमा पेश गर्ने। | | गत असोज महिनाको बाढीका कारण कार्यक्रम प्रभावित भई पुष महिनामा कार्यक्रम संचालन भएको। | | |
| १६ | २०८१/०८/०५ | १. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरण सहितको प्रतिवेदन तयार गरी २०८१ साल मंसिर मसान्तभित्र यस समितिमा पेस गर्न प्रदेश नीति तथा योजना आयोगलाई निर्देशन दिने,<br>२. मिति २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा | | निर्णय कार्यान्वयन भएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको पूनर्निर्माण, न्यूनीकरण तथा जनताको दैनिक जिवन सहजताका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयले गरेका कार्यको प्रगति विवरण माग गर्ने। | | | | |
| १७ | २०८१/०९/१२ | १. नुवाकोट, रसुवा र धादिङ जिल्लाका भौतिक पुर्वाधार तथा खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयसँग सम्बन्धित आयोजना र कार्यालयहरुको अनुगमन गर्न माननीय डम्बर बहादुर तामाङज्यूसँग समन्वय गरी मिति र समय निर्धारण गर्ने र सो बमोजिम कार्य गर्ने।<br>२. यस समितिले हालसम्म गरेका निर्णय/निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा संक्षिप्त प्रतिवेदन तयार गरी समिति सचिवालयले समितिमा पेश गर्ने। | | | | |
| १८ | २०८१/१०/१३ | १. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको व्यवस्थापनका लागि आवश्यक बजेट रकम निकासाको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने,<br>२. खानेपानी उर्जा र सिंचाई क्षेत्र सञ्चालन तथा | निर्णय नं.१ | भएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | व्यवस्थापनका लागि आवश्यक पर्ने प्रदेश ऐन तथा कानूनहरु निर्माण गर्न खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयलाई निर्देशन दिने। | | | | |
| १९ | २०८१/१०/१४ | १. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट प्रदेश भौतिक पुर्वाधारको क्षेत्रमा भएका क्षतिहरुको व्यवस्थापनको सम्बन्धमा भौतिक पुर्वाधार विकास मन्त्रालयका सचिवज्यूसँग छलफल भयो।<br>२. सम्वत २०८१ साल असोज महिनाको १० देखि १२ गतेसम्मको अवधिमा बागमती प्रदेशभित्रका जिल्लाहरुमा बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट भएका क्षतिहरुको विवरणमा आयोजनाहरुको देहाय बमोजिम वर्गीकरण हुनुपर्नेमा हालसम्म नभएकोले सो कार्य यथाशिघ्र गरी समितिलाई जानकारी गराउन भौतिक पुर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने,-<br>• संघीय सरकारले व्यस्थापन गर्नुपर्ने क्षति विवरण<br>• प्रदेश सरकारले व्यस्थापन गर्नुपर्ने क्षति विवरण<br>• स्थानीय तहले व्यस्थापन गर्नुपर्ने क्षति विवरण<br>• प्रदेश सरकारको काबु बाहिरको क्षति विवरण<br>३. भौतिक पूर्वाधार विकासको क्षेत्र सञ्चालन तथा | निर्णय नं. २ र ३ | आंशिक रुपमा भएको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | व्यवस्थापनका लागि आवश्यक पर्ने प्रदेश ऐन तथा कानूनहरु निर्माण गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयलाई निर्देशन दिने। | | | | |
| २० | २०८१/१०/१५ | १. प्रदेशको अर्थ व्यवस्था, राजस्व संकलन र प्रदेश सरकारले निर्माण गरेका र निर्माण गर्नु पर्ने कानूनहरुको अध्ययन गर्न देहायका माननीय सदस्यहरु रहने गरी सात सदस्यीय एक कानून अध्ययन उपसमिति गठन गर्ने निर्णय भयो।<br>क. माननीय रमेश कुमार महत<br>ख. माननीय ॐ कुमारी श्रेष्ठ<br>ग. माननीय अमृता नेपाल<br>घ. माननीय डम्बर तामाङ<br>ङ. माननीय डा. दिनेशचन्द्र देवकोटा<br>च. माननीय राम प्रसाद ढुङ्गाना<br>छ. माननीय सुना परियार<br>➢ उपसमितिले गर्नुपर्ने कार्यविवरण देहाय बमोजिम हुनेछः-<br>क. खानेपानी उर्जा तथा सिँचाई मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा नीति तथा योजना आयोगले बनाउनु पर्ने मुल कानुन बने नबनेको | निर्णय नं.२ | निर्णय नं.२ भएको<br>निर्णय नं.३ भैरहेको | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | अध्ययन गर्ने,<br>ख. खानेपानी उर्जा तथा सिँचाई मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा नीति तथा योजना आयोगले बनाएका मुल कानुन अन्तरगतका प्रत्यायोजित कानूनहरुको अध्ययन गर्ने,<br>ग. ती निकायहरुले बनाउनु पर्ने आवश्यक कानुनहरुको आवश्यकता र औचित्यता पहिचान गरी विवरण तयार गर्ने र निर्माणका लागि प्रस्ताव गर्ने<br>घ. राजस्व सम्बन्धी कानूनको पहिचान तथा अध्ययन गर्ने<br>ङ. समितिले तोकि दिएको अन्य कार्य गर्ने।<br>➢ उपसमितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गरे बमोजिम हुनेछ।<br>➢ उपसमितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।<br>➢ उपसमितिले गरेको कार्यहरुको प्रगति पहिलो तीन महिनाभित्र पेश गर्नु पर्नेछ।<br>२. प्रदेश सभा सचिवालयको नव निर्मित भवनको शिर्ष भागमा अंग्रेजीमा लेखिएको BAGAMATI PROVINCE ASSEMBLY लाई हटाइ नेपाली, नेपालभाषा र तामाङ | | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | भाषामा नाम लेख्न प्रदेश सभा सचिवालयलाई निर्देशन दिने। | | | | |
| २१ | २०८१/१०/२७ | १. समितिको आगामी बैठकमा प्रदेश सरकारको राजस्व वृद्धिका विकल्पहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँग छलफल गर्ने। | | भएको। | | |
| २२ | २०८१/१२/१८ | १. *"प्रदेश* नीति तथा योजना आयोगको काम, कर्तव्य र अधिकारलाई सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक पर्ने कानूनहरुको निर्माण प्रक्रिया यथाशीघ्र अगाडी वढाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने र सोको बोधार्थ प्रदेश नीति तथा योजना आयोगलाई दिने।<br>२. प्रदेश नीति तथा योजना आयोगले पेश गरेको २०८१ असोज महिनाको ११ र १२ गतेको **"अविरल वर्षाका कारण वागमती प्रदेशमा भएको क्षतिसम्बन्धी विपद् पश्चात आवश्यकता मुल्याङ्कन प्रतिवेदन, २०८१(Post Disaster Need Assessment Report, 2081)"** को **आधारमा संघ प्रदेश र स्थानीय तहले गर्ने कार्यहरुको वर्गीकरण गरी तिनै तहबीच समन्वय, सहकार्य र छलफल लागि** यथाशिघ्र आवश्यक व्यवस्था मिलाउन प्रदेश सरकार(मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय)लाई निर्देशन दिने। | निर्णय नं.१,२र ३ | भएको | | निर्णय नं. १ र २ कार्यान्वयनको अवस्था जानकारीमा नआएको निर्णय नं. ३ आंशिक रुपमा भएको। |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | ३. प्रदेश आयोजना बैङ्क व्यवस्थापन प्रणाली(को अवधारणालाई) आर्थिक वर्ष २०८२/०८३ देखि नै आवश्यक प्रक्रिया पुरा गरि प्रभावकारी रुपमा कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने र सोको बोधार्थ प्रदेश नीति तथा योजना आयोगलाई दिने। " | | | | |
| २३ | २०८१/१२/१८ | १. मिति २०८१ चैत्र १८ गते माननीय सभापति श्री नुरज बज्राचार्यज्यूको सभापतित्वमा बसेको समितिको बैठकमा समितिको वार्षिक कार्यक्रम अन्तर्गत समितिको सभापतिको नेतृत्वमा अन्तर प्रदेश अनुभव आदान प्रदान गर्न २०८२ सालको बैशाख महिनाको पहिलो हप्ता कोशी प्रदेशको यस समितिको कार्यविवरणसँग मिल्ने समितिका माननीय सदस्यहरु र सोही प्रदेशका माननीय सभामुखज्यूसँग भेटघाट, छलफल तथा अन्तर्क्रिया गर्ने निर्णय भयो।<br>२. समितिको वार्षिक कार्यक्रम अन्तर्गत पूर्वबजेट छलफलका लागि देहायका तहहरुमा वैशाखको पहिलो हप्ताबाट छलफल गर्ने निर्णय भयो।<br>• विभिन्न मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगसँग<br>• विभिन्न सहरमा व्यापारिक क्षेत्रका प्रतिनिधिहरुसँग<br>• स्थानीय तहका जनप्रतिनिधि तथा जनतासँग दुर्गम | | | निर्णय नं. १नभएको<br>२ भएको | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | क्षेत्रका जनतासँग | | | | |
| २४ | २०८१/१२/१९ | १. प्रदेश सरकारले राजस्व संकलन गर्दा तथा कर कायम गर्दा उत्पादन र उत्पादकत्वसँग जोडेर कर निर्धारण गर्ने नीति बनाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने। | निर्णय नं.१ भएको | | | |
| २५ | २०८२/बैशाख/१० | १. समितिको पुर्वबजेट छलफल सिन्धुपाल्चोकको बलेफी गाउँपालिकाको कार्यालयमा स्थानीय जनतासँग मिति २०८२/बैशाख/१९ गते शुक्रबारको दिन गर्ने र देहायको प्रतिनिधिमुलक संघसंस्थाहरुसँग मिति २०८२/बैशाख/२० गते काभ्रेप्लान्चोक धुलिखेलको सारथी होटलमा गर्ने:<br>• नेपाल नगरपालिका संघ<br>• गाउँपालिका राष्ट्रिय महासँघ<br>• नेपाल उद्योग वाणिज्य महासँघ<br>• बागमती प्रदेश उद्योग बाणिज्य महासँघ<br>• नेपाल हस्तकला महासंघ<br>• बागमती प्रदेश हस्तकला सँघ<br>• नेपाल निर्माण व्यवसायी महासँघ<br>• क्रसर व्यावसायी महासँघ<br>• धुलीखेल नगरपालिका प्रमुख तथा वडाध्यक्ष र सदस्यहरुसँग<br>• उद्योग बाणिज्य विभाग धुलिखेल | | | | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| २६ | २०८२/बैशाख/२४ | १. नेपालको संविधानको अनुसुची-६ ले प्रदेशलाई दिइएको एकल अधिकारका क्षेत्रहरुमा आधारित भई प्रदेश सरकारका मन्त्रालय, कार्यालय र कर्मचारीहरुको संख्या र सोको आधारमा भएको खर्चलाई कटौती गरी आर्थिक मितव्ययी कायम गर्न पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोले प्रदेश सरकारले पुनर्संरचना अध्ययन समिति गठन गरी ३(तीन) महिनाभित्र यस समितिलाई प्रतिवेदन पेश गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने।<br>२. बागमती प्रदेशको ६६ वटै निर्वाचन क्षेत्रहरुलाई आवश्यकताको आधारमा न्यायोचित वितरण हुने गरी बागमती प्रदेश सरकारको आ.ब. २०८२/०८३ को कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न र बजेट निर्माण गर्दा नेपालको संविधानद्धारा प्रदत्त एकल अधिकारका क्षेत्रहरुलाई प्राथमिकता दिने गरी बजेट तथा कार्यक्रम निर्माण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत सबै मन्त्रालयलाई निर्देशन दिने।<br>३. बागमती प्रदेशको वनभित्र रहेका प्राकृतिक स्रोत तथा सुखा खडा ढला पडा रुखहरुलाई आवश्यक व्यवस्थापन गरी प्रदेश सरकारको राजस्वसँग जोड्न कानून निर्माण गर्न बन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिने।<br>४. बागमती प्रदेशले जारी गरेका नीति तथा कार्यक्रमहरुको | निर्णय नं.१,२,३,४ र ५ | निर्णय नं. २ भएको | निर्णय नं.१,३,४ र ५ हालसम्म भई नसकेको | |

| क्र.सं. | बैठक मिति | निर्णय | निर्देशन | कार्यान्वयनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | भएको | नभएको | |
| | | अध्ययन, पुनरावलोकन तथा समिक्षा गरी आगामी बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र सो अनुरुपको बजेट निर्माण गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्‌को कार्यालयलाई निर्देशन दिने।<br>५. प्रदेश सरकारद्वारा स्वीकृत भएका बहुवर्षीय र स्रोत सुनिश्चितता भएका आयोजनालाई प्रतिफलका आधारमा वर्गीकरण गरी मात्र कार्यान्वयन गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिद्‌लाई निर्देशन दिने। | | | | |
| २७ | २०८२/०२/१३ | १. मिति २०८२ जेठ १३ गते माननीय सभापति श्री नुरज बज्राचार्यको सभापतित्वमा बसेको समितिको बैठकले माननीय सुना परियारको संयोजकत्वमा देहायका माननीय सदस्य रहने गरी एक वार्षिक प्रतिवेदन तयार उपसमिति गठन गर्ने निर्णय गरेको छ।<br>क. माननीय सुना परियार -संयोजक<br>ख. माननीय ॐ कुमारी श्रेष्ठ -सदस्य<br>ग. माननीय अमृता नेपाल -सदस्य<br>घ. माननीय माईली तामाङ -सदस्य<br>ङ. माननीय लक्ष्मि देवी श्रेष्ठ -सदस्य<br>२. प्रदेश राजस्व बृद्धि सम्बन्धमा यस क्षेत्रका विज्ञ तथा सरोकारवाला सँग छलफल गरी आवश्यक कानुन निर्माणका लागि अध्ययन गर्ने । | | | | |

## ३. समितिको बैठक र उपस्थिति विवरण

### अर्थ तथा विकास समितिको बैठक सम्बन्धी अन्य विवरण

| क्र.स. | अधिवेशन | मिति | बैठक संख्या | उपस्थित संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा |
| १ | दोस्रो | २०८०/०५/१९ | पहिलो | ५ | ११ | १६ |
| २ | | २०८०/०६/१५ | दोस्रो | ६ | ११ | १७ |
| ३ | | २०८०/०६/२२ | तेस्रो | ६ | ११ | १७ |
| ४ | तेस्रो | २०८०/११/१३ | चौथो | २ | ७ | ९ |
| ५ | | २०८०/११/१४ | पाँचौ | ३ | ८ | ११ |
| ६ | | २०८०/११/१६ | छैटौं | ४ | १० | १४ |
| ७ | चौंथो | २०८१/०२/०५ | सातौं | ३ | ७ | १० |
| ८ | | २०८१/०२/१६ | आठौं | २ | ८ | १० |
| ९ | | २०८१/०२/१७ | नवौं | ४ | ७ | ११ |
| १० | | २०८१/०२/१८ | दशौं | ५ | १० | १५ |
| ११ | | २०८१/०२/३१ | एघारौं | ५ | १२ | १७ |
| १२ | | २०८१/०५/१४ | बाह्रौं | ३ | ६ | ९ |
| १३ | | २०८१/०५/२५ | तेह्रौं | ३ | ८ | ११ |
| १४ | | २०८१/०५/२६ | चौधौं | ४ | ८ | १२ |
| १५ | | २०८१/०५/२७ | पन्ध्रौं | ४ | ८ | १२ |
| १६ | | २०८१/०५/२७ | सोह्रौं | ४ | ८ | १२ |
| १७ | | २०८१/०६/०५ | सत्रौं | १ | ६ | ७ |
| १८ | | २०८१/०८/०५ | अठारौं | २ | ४ | ६ |
| १९ | | २०८१/०९/१२ | उन्नाईसौं | ४ | ५ | ९ |
| २० | | २०८१/१०/१३ | विसौं | ४ | ८ | १२ |
| २१ | | २०८१/१०/१४ | एक्काईसौं | ४ | ७ | ११ |
| २२ | पाँचौं | २०८१/१०/१५ | बाईसौं | ४ | ७ | ११ |
| २३ | | २०८१/१०/२७ | तेईसौं | ३ | ३ | ६ |
| २४ | | २०८१/१२/१८ | चौविसौं | ५ | ६ | ११ |
| २५ | | २०८१/१२/१८ | पच्चिसौं | ५ | ६ | ११ |
| २६ | | २०८१/१२/१९ | छबिसौं | ६ | ८ | १४ |
| २७ | | २०८२/०१/१० | सत्ताईसौं | ४ | ८ | १२ |
| २८ | | २०८२/०१/२४ | अठ्ठाईसौं | ५ | ८ | १३ |
| २९ | छैठौं | २०८२/०२/१३ | उनान्तिसौं | ३ | ६ | ९ |

# परिच्छेद - ३
# उपसमितिका प्रतिवेदनहरुः

## ३.१. फाखेल मातातिर्थ सडक (मकवानपुर खण्ड), हेटौंडा फाखेल फर्पिङ्ग सडक आयोजना (कुलेखानी हुमाने भन्ज्यांग खण्ड) सडकहरुको स्थलगत अनुगमन तथा अध्ययन प्रतिवेदन, २०८२

### ३.१.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीमा कार्यपालिका न्यापालिका र व्यवस्थपिका बीचको अन्तरसम्बन्ध अन्तरनिर्भरता अन्तरक्रिया समन्वय सहअस्तित्त्व सहकारिता सहितको शक्तिपृथकीकरण एवं शक्ति सन्तुलन हुनु नै जनअपेक्षा जनभावना अनुरुपको शासन र विकास हो। यो एक आधुनिक शासन व्यवस्थाको सुन्दर रुप हो। यसले सरकारप्रति जनताको विश्वासमा अभिबृद्धि गर्दै जनहित संरक्षण सम्बर्द्धन र सवल बनाउदछ।

व्यवस्थापिका जनप्रतिनिधिमुलक संस्था हो। जसले जनताको चाहना बमोजिम कानून निर्माण गरी शासन संचालनको निमित कर तिर्ने जनताको सुखी र समृद्धि एवं समता र समानतामा आधारित आर्थिक वितरणलाई विभिन्न प्रणाली मार्फत सामाजिक न्याय कायम गर्ने मनोभावना बोकेको हुन्छ सोहि अनुरुप नै सरकार घर दैलोसम्म पुऱ्याउने कार्य गर्दछ। यस्तो कार्यले व्यवस्थापिकाको औचित्य पुष्टि हुन्छ।

सरकारले गर्ने कार्यलाई विभिन्न संयन्त्र बनाई व्यवस्थापिकाले निगरानी गरिरहन्छ। यसको उदाहरणमा मिनि संसदको रुपमा गठन गरेको संसदीय समितिलाई लिन सकिन्छ।यसले सरकारको कार्यलाई सघाउदै आवश्यक पृष्ठपोषण सहित जनताको जीवन सहज सरल बनाउदछ। संसदीय समितिले कार्य विभाजन तथा जिम्मेवारी बाँडफाँड अनुसार सरकारले गर्ने गतिविधिलाई सुक्ष्म तथा वृहत रुपमा अध्ययन अनुगमन भ्रमण गरी मुल्याङ्कन गरिरहेको हुन्छ। यस्ता कार्यले मन्त्रालय र मातहतका निकायलाई क्रियाशिल र सचेत बनाउन सघाउदछ। संसद र मातहतका संसदीय समितिले कानूनी आर्थिक प्रशासनिक जस्ता कार्यमा सकरात्मक भूमिका सँगसँगै सरकारकि निरंकुशता एकात्कता अनियमितता जस्ता अनियन्त्रित गतिविधिमा लगाम समेत लगाउन अघि सर्दछ। यी कार्यहरु व्यवस्थापिकाको प्रमुख कर्तव्य

अन्तर्गत पर्दछ।यसै शिलशिलामा अर्थ तथा विकास समितिले सरकारको कार्यलाई सफल बनाउन विभिन्न आयोजनाहरुको प्रत्यक्ष रुपमा कार्यस्थलमा नै पुगी अवलोकन तथा भ्रमण गरेको छ।

### ३.१.२ कार्यक्रमको परिचय

माथिको उल्लिखित सन्दर्भमा अर्थ तथा विकास समितिको मिति २०८१ असोज ०५ गतेको बैठकले अन्य तीन वटा उपसमितिहरुसँगै माननीय लक्ष्मीदेवी श्रेष्ठको संयोजकत्त्वमा भौतिक पूर्वाधार विकास अध्ययन उपसमितिको गठन भयो। सो उपसमितिले भौतिक पुर्वाधार विकास मन्त्रालय र खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्रालय विभिन्न आयोजनाहरुको बजेट कार्यान्वयनको अवस्था वित्तीय र भौतिक प्रगति चुनौतिहरुको सम्बन्धमा संक्षिप्त अध्ययन भई सम्बन्धित अन्य आयोजनाहरुको अध्ययन गर्न अनुगमन तथा भ्रमण गरी सत्यतथ्य सहितको विवरण प्राप्त गर्ने भनी प्रतिवेदन पेश गर्ने निर्णय गरेको थियो। समितिले भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतका भौतिक पुर्वाधार विकास आयोजना कार्यालय हेटौडाले निर्माण गरिरहेको फाखेल मातातिर्थ सडक (मकवानपुर खण्ड),हेटौंडा फाखेल फर्पिङ्ग सडक आयोजना (कुलेखानी हुमाने भन्ज्यांग खण्ड)सडकहरुको अध्ययन अनुगमन गरेको छ। यस सम्बन्धी केहि तस्वीरहरु अनुसूची-१ र उपस्थिति विवरण अनुसूची-२ बमोजिम रहेको छ।

### ३.१.३ अध्ययन टोलीका सदस्यहरु

अर्थ तथा विकास समितिका सभापति माननीय नुरज बज्राचार्यको उपस्थिति र यस उपसमितिका संयोजक माननीय शशीजंग थापाको नेतृत्त्वमा देहाय बमोजिमका सदस्यहरु र कर्मचारीको सहभागिता रहेको थियो।

| | | |
|---|---|---|
| १. | माननीय नुरज बज्राचार्य | सभापति |
| २. | माननीय लक्ष्मी देवी श्रेष्ठ | संयोजक |
| ३. | माननीय रामकृष्ण चित्रकार | सदस्य |
| ४. | माननीय गोविन्द लम्साल | सदस्य |
| ५. | माननीय डा. दिनेशचन्द्र देवकोटा | सदस्य |
| ६. | माननीय रमेश कुमार महत | सदस्य |
| ७. | माननीय राम प्रसाद ढुङ्गाना | सदस्य |

| | | |
|---|---|---|
| ८. | माननीय मधुसुदन पौडैल | सदस्य |
| ९. | माननीय आशा लामा | सदस्य |
| १०. | माननीय सुना परियार | सदस्य |
| ११. | मनोजकुमार गुप्ता | समिति सचिव |

### ३.१.४ अध्ययनको उदेश्य

१. प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत निर्माणाधीन विभिन्न योजना तथा आयोजनाहरुको बजेट कार्यान्वयनको प्रभावकारीता सम्बन्धी अध्ययन गर्नु

२. ती आयोजनाहरुको भौतिक प्रगति र वित्तीय प्रगतिको अवस्था सम्बन्धमा अध्ययन गरी चालु आ.व को वजेटको प्रभावकारिता र खर्चको अवस्था पत्ता लगाउनु

३. विभिन्न महत्त्वपूर्ण आयोजनाहरुमा देखिएका समस्या एवम् चुनौतिहरु बारे बुझ्न मन्त्रालयसँग आवश्यक छलफल गरी समाधानका पहलकदमी पहिल्याउनु

४. आउँदो बजेट निर्माणमा सकरात्मक भुमिका खेल्नु

५. आयोजना कार्यालयहरुले लिएको लक्ष्यलाई पुरा गर्न सघाउनु

६. योजना सम्पन्नताको अवस्था आकलन गरी आउदो वर्षको बजेट निर्माण गर्दा सरकारलाई आवश्यक सहयोग र समन्वय गर्नु

७. आयोजनाले पारेको प्रभाव सम्बन्धमा जनताको (स्थानीय बासिन्दाको कुरा बुझ्नु समस्या पत्ता लगाउनु)

### ३.१.५ अध्ययनको सीमितता

१. यो अध्ययन उपसमितिका निश्चित संख्यामा रहेको सदस्य टोलीले अनुगमन भ्रमण गरेको छ। जसले अध्ययन गर्दा many minds many ideas को सिद्धान्त साघुरिएको हुन सक्छ।

२. ती आयोजना कार्यालयहरु अन्तर्गत थुप्रै आयोजनाहरु रहेका छन् तर नमुनाको रुपमा मात्र एक दुई आयोजनाहरुसम्म पुगेको हुनाले प्रतिनिधिमुलक आयोजनाको प्रगति अवस्था समस्या अरुसँग मेल खान पनि सक्छ नखान पनि सक्छ।

३. सबै आयोजनाहरुको आआफ्नै समस्या एवं चुनौतिहरु हुन सक्छ यो सिमित अध्ययनले सबैको अवस्था बुझ्न सकिदैन।

४. समयको पावन्दी माननीयज्यूहरुको व्यस्तताले गर्दा आयोजना स्थलहरुमा आयोजनाका कर्मचारी मन्त्रालयका प्रतिनिधि निर्वाचन क्षेत्रका जनप्रतिनिधि सरोकारबालाहरुसँग छलफल गर्दा यो भन्दा पनि प्रभावकारी हुन सक्थ्यो तर यी सबै कुराका लागि भौगोलिक मानव संशाधन एवं आर्थिक पक्षको तालमेल हुन सकेन र निश्चित पक्षसँग छलफल सिमित भयो।

### ३.१.६ अध्ययन विधि

१. यो अध्ययन यस समितिको कार्यक्षेत्रभित्रका मन्त्रालयहरु अन्तर्गतका विभिन्न आयोजना कार्यालयमा समितिका माननीय सदस्यहरुको टोली (भौतिक पूर्वाधार अध्ययन उपसमिति) गई आयोजना प्रमुख, आयोजनाका अन्य कर्मचारीहरुसँग प्रत्यक्ष सम्वाद तथा छलफलबाट आएका विषयहरु समेटिएको हो।
२. विभिन्न जिल्लाका विभिन्न आयोजनासँग सरोकार रहेका जनतासँग समेत प्रत्यक्ष भेटघाटबाट समस्या, चुनौती तथा आयोजनाको अवस्था सम्बन्धमा आएका विषयवस्तुहरु समेटिएको हो।
३. उपसमितिले अन्तरक्रियात्मक विधिको साथै आयोजना स्थलमा प्रत्यक्ष रुपमा पुगी अवलोकन भ्रमण गरी केहि विषयवस्तु सम्बन्धी निक्यौंलमा पुग्न खोजेको हो।
४. आयोजनाले तयार पारेको प्रस्तुतिकरण सम्बन्धी केहि कागजातको अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको हो।

### ३.१.७. फाखेल मातातिर्थ सडक (मकवानपुर खण्ड)

- **आयोजनाको अवस्थाः-**

इन्द्रसरोवर गा.पा. वडा नं ५ रहेको फाखेल मातातिर्थ सडक (मकवानपुर खण्ड) जसको कुल लम्बाई ६.३ कि.मि. र चौडाई नाली समेत गरी ८मी. (कालोपत्रे ७ मी. तथा shoulder ) रहेको छ । सडकको सतह कालोपत्रे ६ कि.मी. तथा सडक ढलान Rigid pavement ०.३ कि.मी. रहने गरि मिति २०८०/०७/१९सम्झौता भई मिति २०८२ वैशाख मसान्त (म्याद थप को मुल्यांकन हुदै ) भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । सुरु सम्झौता रकम रु. १६,४६,०४,२९२/८० र भेरिअशन पछी कायम सम्झौता रकम १८,४६,५०,२२५/१६ हुन आएको आयोजनाकोमुख्य मुख्य कार्यहरुमा सडक चौडा गर्ने, टेवा पर्खाल, नाली निर्माण, कल्भर्ट निर्माण, सवबेश, बेश, सडक सतह कालोपत्रे तथा ढलान गर्नुपर्ने रहेकोमा बि.स. २०८१ असोज १० देखि १२ गते को अविरल वर्षाको कारण क्षति भएकोसडकखण्ड पुनःनिर्माण कार्य समेत थप गरिएको छ। जुन आयोजनाको हाल सम्म बितीय प्रगती ४७.०२ % र भौतिक प्रगती ७५.०० % रहेको छ ।समग्रमा आयोजनको प्रगति विवरण तथा लक्ष्य विवरण देहाय अनुसार रहेको छः

१) बाँकी सड़क चौडाई कार्य ६.३ कि.मि. मध्ये ६ कि.मि. सकिएको,

२) टेवापर्खाल लगायत, नालीनिर्माण कार्य अन्तिम चरणमा रहेको,

३) कल्भर्ट निर्माण कार्य सम्पन्न भएको,

४) सबवेश कार्य ९५ % सकिएको,

५) बेस ओछ्याउने कार्य भइरहेकोऽ

६) कालोपत्रे गर्ने कार्य जेठ महीनामा सुरु हुने,

७) बाँकि रहेको केही टेवापर्खाल सडक, ढलान कार्य तथा सुरक्षा संरचना, सडक मार्किंग,

जानकारीमुलक बोर्ड राखे कार्य, site clearance ।

- **समस्या/ चुनौतीहरु**

१. अविरल वर्षाका कारण सडक खण्डमा ठुलो क्षति भएको हुँदा पुर्वनिर्धारित समय भित्र कार्य सम्पन्न गर्न चुनौति देखापरेको,

२. कम्जोर वित्तीय तथा भौतिक प्रगति,

३. प्राकृतिक विपत्तिका कारण निर्माण कार्यमा आएको ढिलाईलाई सम्बोधन गर्न सक्ने गरि निर्माण कार्यलाई गतिशिलता प्रदान गर्न चुनौतिपुर्ण रहेको,

- **सुझावहरु:-**

१. विपत्तिबाट भएको क्षतिलाई पहिचान गरि समयमै निर्माण कार्य सम्पन्न गर्न आवश्यक आर्थिक र जनशक्तिगत व्यवस्था गर्ने,

२. निर्माण व्यावसायीलाई सम्झौता बमोजिमको कार्य र थपिएको थप कार्य समयमै सम्पन्न गर्ने गरि आवश्यक निर्देशन दिनुपर्ने,

३. भौतिक तथा वित्तीय प्रगतिलाई बढाउन आवश्यक ठोस कदम चाल्नुपर्ने ।

### ३.१.८. हेटौंडा फाखेल फर्पिङ्ग सडक आयोजना (कुलेखानी हुमाने भन्ज्यांग खण्ड)

- **आयोजना सम्बन्धी संक्षिप्त बिबरण:-**

इन्द्रसरोवर गा.पा. वडा नं २ र ४ मा अवस्थित हेटौंडा फाखेल फर्पिङ्ग सडक आयोजना (कुलेखानी हुमाने भन्ज्यांग खण्ड) को कुल लम्बाई १२.६ कि.मि. (हुमाने देखि कलंकी सम्म) र चौडाई नाली समेत ८.२० मी. (कालोपत्रे ६.२५ मी. तथा shoulder ०.७५ मी.) रहेको छ। जसमा सडकको सतह कालोपत्रे ८.५० कि.मी. तथा सडक ढलान Rigid pavement ४.०० कि.मी. रहने गरि मिति २०८०/०१/१७ सम्झौता भई मिति २०८२ वैशाख मसान्त (म्याद थप को मुल्यांकन हुदै ) सम्म निर्माण सम्पन्न गर्नेगरि सम्झौता भएको थियो। सुरु सम्झौता रकम ३५,४८,८८,९१६/६१ र भेरिअशन पछी कायम सम्झौता रकम ४०,७२,४५,५८१/१२ भएको आयोजनाको मुख्य मुख्य कार्यहरुमा सडक चौडा गर्ने, टेवा पर्खाल, नाली निर्माण, कल्भर्ट निर्माण, सववेश, वेश,सडक सतह कालोपत्रे तथा ढलान गर्ने रहेकोमा २०८१ असोज १० देखि १२ गतेको अविरल वर्षाको कारण क्षति भएकोसडकखण्ड पुन:निर्माण कार्य थप गरिएको छ। जुन आयोजनाको हाल सम्म बितीय प्रगती ५५.४६ % र भौतिक प्रगती ७५.०० % रहेको छ ।समग्रमा आयोजनको प्रगति विवरण तथा लक्ष्य विवरण देहाय अनुसार रहेको छ:-

१) टेवापर्खाल लगायत, नाली निर्माण कार्य अन्तिम चरणमा रहेको,

२) कल्भर्ट निर्माण कार्य सकिसकेको,

३) सबवेश कार्य अन्तिम चरणमा रहेको,

४) बेस ओछ्याउने कार्य भइरहेको,

५) हुमाने महालक्ष्मी खण्डमा कालोपत्रे गर्ने कार्य (जेठ महिनामा सकिने),

६) बाँकि रहेको केही टेवापर्खाल सडक, ढलान कार्य तथा सुरक्षा संरचना, सडक मार्किंग, जानकारीमुलक बोर्ड राखे कार्य, site clearance

- **समस्याहरुः**

१. वित्तीय र भौतिक प्रगति उत्साहजनक नभएको,

२. निर्माणाधिन सडक खण्डमा बि.स २०८१ असोज १० देखि १२ गतेको अविरल वर्षाको कारण क्षति भएको,

३. सम्झौता बमोजिमको समय भित्र कार्य सम्पन्न गर्न नसकिने अवस्था रहेको,

- **सुझावहरुः**

१. वित्तीय प्रगति ४७.०२ % र भौतिक प्रगति ७५% लाई बढाउने गरी कार्यमा शिघ्रता ल्याउने,

२. क्षति भएको सडक खण्डको निर्माको लागी आवश्यक आर्थिक र प्राविधिक सहयोग यथाशिघ्र उपलब्ध गराउने,

३. समय थप गर्दा आयोजना समय भित्र सम्पन्न हुँनेगरी थप गर्ने,

४. निर्माण कार्यलाई सम्झौता

### ३.१.९. निश्कर्ष

पूर्वाधार विकास आयोजना, मकवानपुर जिल्लामा सञ्चालनमा रहेका आयोजनाहरुमा वैशाख मसान्तसम्मको समग्र भौतिक र आर्थिक प्रगति दुइ वटामा ५५/७५ प्रतिशतको हाराहारीमा रहेको पाईयो विभिन्न आयोजनाहरुको ठेक्का प्रक्रियामा ठिलासुस्ती, उपभोक्ताहरु समयमा सम्पर्कमा नआउने र चैत महिनापछि ठेक्का सम्झौता हुँदा निर्माण प्रक्रिया हतारमा हुने, र पनि समयमा नसकि मन्त्रालयले लिएको लक्ष्य पुरा हुने सम्भावना कमजोर भएर जान्छ। असाढे विकासको रुपमा देखिन गएको विकासले अगामी वर्षको वजेट निर्माण प्रक्रियामा असज परिस्थिति सिर्जना गर्दछ, अव आउने बजेटमा कार्यक्रम राख्ने वा नराख्ने विषयको निष्कर्षमा पुग्न नसकिने देखिन्छ । फलस्वरुप अधुरो आयोजना पनि बजेटमा छुटेको पाइन्छ र वर्षौंसम्म जनजीवनलाई नकरात्मक प्रभाव पारेको देखिन्छ। एक्कातिर सरकारले अवैज्ञानिक तवरले (आवश्यकता, महत्त्वपूर्ण र जरुरीको आधारमा छनोट नभएको) सालबसाली साना

तथा टुक्रे आयोजनामा बजेट विनियोजन गर्दै बहुवर्षीय आयोजनालाई रकम अपुग हुने वा छुट्ने गरी बजेट निर्माण गरेको देखिन्छ भने अर्कोतिर राष्ट्रिय तथा प्रदेश पञ्चवर्षीय योजनाहरु, दिगो विकासका लक्ष्यहरु, सुखी नेपाली समृद्ध नेपालको लक्ष्यलाई पुरा गर्न नकरात्मक प्रभाव पार्ने सम्भावना बढेर जान्छ। आयोजना कार्यालयहरुले दिएको सुझाव अन्य सरोकरावालासँगको छलफलबाट आएको निष्कर्ष गहन रुपमा अध्ययन गरी औचित्यता पुष्टि हुने पुल तथा सडकहरुमा मात्र लगानी गर्नु पर्नेछ। भौतिक पूर्वाधार निर्माण गर्दा भौतिक र आर्थिक प्रभावकारीताका लागि प्रदेश सरकारले संघीय सरकार र स्थानीय तहसँग नीतिगत, संस्थागत, योजनागत र कार्यक्रमगत सम्बन्ध र अन्तरसम्बन्धलाई समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा सुदृढ गर्दै विकास कार्यलाई तिव्र रुपमा अगाडी बढाउनु पर्ने देखिन्छ जुन हालसम्म केहि क्षेत्रमा अभाव रहेको पाईयो।

### ३.१.१०. सरकारलाई सुझावहरु:

१. दिगो विकासका लक्ष्य, राज्यको नीति, आवधिक पञ्चवर्षीय योजना, प्रदेश पञ्चवर्षीय योजना र सो अनुरुपको मध्यकालिन खर्च संरचना अनुसार बहुवर्षीय योजनाहरुको छनोट गर्ने,

२. प्रदेशस्तरीय भौतिक पूर्वाधार विकास निर्माणका लागि (अध्ययन सयन्त्र) थिङ्क टयाङ्क निर्माण गरी आवश्यकता, महत्त्वपूर्ण र जरुरीका क्षेत्रहरु पहिचान गरी मात्र आयोजनाहरु निर्माण गर्ने र यस सम्बन्धमा स्थानीय प्रतिनिधि, विज्ञ र सरोकारवालासँग छलफल गर्ने,

३. निर्माण कार्यलाई आधुनिकिकरण र बैज्ञानिकिकरण गर्दै स्वचालित बनाउनु पर्ने, प्रदेशले वर्षेनी व्यहोर्नु पर्ने व्ययभार घटाउदै जाने गरी विकास गर्ने,

४. भौतिक पूर्वाधारका भ्यु टावर जस्ता संरचनालाई निजी क्षेत्रको सहभागितामा बहुउद्देश्यीय रुपमा विकास गर्ने,

५. आयोजना कार्यालयहरुमा कर्मचारी दरवन्दी र आपूर्तिबिच तालमेल गराउने, कार्यालय प्रमुखको सन्दर्भमा अवच्छिन्न उत्तराधिकारी हुनेगरी सरुवाको व्यवस्थापन गर्ने,

६. कर्मचारी सरुवा गर्नै पर्ने भए आर्थिक वर्षको विचमा नगरी आर्थिक वर्ष समाप्त भएको लगतै गर्ने,

७. उपलब्ध जनशक्तिलाई अद्यावधिक गर्न समय समयमा तालिमको व्यवस्था गर्नुपर्ने, क्षमता अभिवृद्धि कार्यक्रमलाई नियमित गर्नुपर्ने,

८. टुक्रे आयोजनाहरुलाई निरुत्साहित गर्दै कार्यालयको क्षमता अनुसार मात्र आयोजना संख्या राख्ने,

९. निश्चित समयभित्र सम्पन्न गर्नेगरी योजना छनोट गर्ने र सोही बमोजिम बजेटको व्यवस्था मिलाउने,

१०. उपभोक्ता समितिलाई नियन्त्रण गर्न सयन्त्र निर्माण गर्ने, सरकारप्रति जवाफदेही बनाउने उपाय मन्त्रालयले अवलम्बन गर्नुपर्ने,

११. स्थानीय अनुदान र श्रम अनुदान सम्बन्धी व्यवस्थालाई पुनर्विचार गर्नु पर्ने, DPR भैसकेको आयोजनालाई मात्र बजेट सुनिश्चि गर्ने,

१२. जनता आवास कार्यक्रमको लाभग्राहीको आर्थिक व्यवस्थापनका लागि प्रदेश सरकारले मुसहर बस्ती केन्द्रित उद्योग स्थापना गर्ने, उत्पादन क्षेत्रमा लगानी गर्नु पर्ने,

१३. खेतीयोग्य जमीन अतिक्रमण गरी हुने गरेको प्लटिङ्गलाई निरुत्साहित गर्ने नीति ल्याउनु पर्ने,

१४. आयोजना कार्यालयको ठाँउ व्यवस्थापन, खर्च व्यवस्थापन, कर्मचारी व्यवस्थापन र जिन्सी सरसमान व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक पहल गर्नु पर्ने, आयोजना कार्यालयसँग समन्वय गर्नुपर्ने,

१५. मुआव्जाको कार्य यथाशीघ्र अगाडी बढाउने, मुआव्जा वितरणका लागि निश्चित मापदण्ड/कानून निर्माण गरी एकरुपता कायम गर्नुपर्ने,

१६. पूर्वाधार विकास गर्दा आर्थिक विकास, वातावरणीय संरक्षण र सामाजिक न्यायविच सन्तुलन गर्नुपर्ने,

१७. मन्त्रालय र आयोजना कार्यालयले उपलब्ध बजेट खर्च गर्न आर्थिक वर्षको शुरुदेखियोजना बनाई कार्यान्वयनमा ध्यान दिनु पर्ने,

१८. प्रदेश आयोजनामा प्राविधिक र व्यवस्थापन संकायका विद्यार्थीलाई इन्टर्नशीपको व्यवस्था गर्नुपर्ने,आदि।

## ३.२. पुर्वाधार विकास कार्यालय ललितपुरको स्थलगत अनुगमन तथा अध्ययन प्रतिवेदन, २०८२ का सरांश

### ३.२.१. आयोजनाको अवस्था,समस्या एवं चुनौती,सुझाव र नविनतम कार्य

- **अवस्थाः**

भौतिक पुर्वाधार विकास मन्त्रालय यातायात पुर्वाधार निर्देशनालय पुर्वाधार विकास कार्यालय ललितपुरमा मौजुदा दरवन्दी जम्मा २९ जना रहेकोमा २१ जनाको पदपुर्ति भएको र ८ जनाको पद रिक्त रहेको छ भने करार/ज्यालादरी/परामर्श जनशक्तिमा जम्मा २० पदमा जनशक्ति कार्यरत रहेका छन् ।विभिन्न खर्च शिर्षकमा आ.व २०८१/०८२ मा चालु तर्फ विनियोजित जम्मा रु.२,७५,००००० (दुई करोड पचहत्तर लाख) मध्ये पौष मसान्त सम्म जम्मा रु. ७९,४८,०७९(२८.९०%) मात्र खर्च भएको छ । त्यस्तै पुँजिगत तर्फ विनियोजित जम्मा रु. १,९१,१२,५०,४०० मध्ये पौष मसान्त सम्म रु. ८,६७,५८,३३६(४.५३९%) मात्र खर्च भएको देखिएको छ। यसरी समग्रमा चालु र पुँजिगत तर्फ विनियोजित जम्मा रु १,९३,८७,५०,४०० मध्ये पौष मसान्त सम्म रु ९,४७,०६,४१५(४.८८%)मात्र खर्च भएको देखीएको छ ।

आ.व २०८१/०८२ मा उक्त कार्यालयबाट सडक ३६४, सडक पुल ११, कल्भर्ट ८, झोलुङ्गे पुल २, Padestrian Truss Bridge १ र संघिय सशर्त अनुदान तर्फ सडक पुल ४ गरि जम्मा ३९० योजना कार्यान्वयनमा रहेका छन् ।

- **समस्या/ चुनौतीहरु**

१. योजनामा दोहोरो/तेहरोपन
२. निर्माण कार्यको विधि/प्रक्रियामा एकरुपता नभएको
३. उपभोक्ता समिति मार्फत कर्यान्वयन गराउने कार्यविधि नभएको
४. सडक पूल तथा कल्भर्ट निर्माणमा समस्या
५. आवश्यकता/औचित्य विनाका योजना
६. स्थानीय निकायसँग समन्वयमा समस्या
७. सडक कार्यक्षेत्रगत समस्या/आकस्मिक मर्मत सम्भारमा बजेट अपुग
८. असोज ११ र १२ गतेको अत्यधिक वर्सातको कारण क्षति भएका सडक पुनस्र्थापनामा चुनौती
९. दरबन्दी अनुसारको सव इन्जिनियर नहुँदा योजना कार्यान्वयनमा समस्या
१०. सवारी साधनको अभाव
११. कार्यालय भवनको समस्या

- **सुझावः-**

१. समय सापेक्ष्य रुपमा निर्माण कार्य तथा ठेक्का व्यवस्थापनको थप स्पष्टताको लागि निर्देशनालय/मन्त्रालयवाट परिपत्र/निर्देशन हुनुपर्ने

२. प्राविधिक तथा प्रशासनिक कार्यको निरन्तर रुपमा निर्देशनालय/मन्त्रालयवाट अनुगमन हुनुपर्ने

३. बहुवर्षीय योजनाहरुको निर्माण कार्यको गुणस्तरता कायम गर्न प्रादेशिक प्रयोगशाला निर्माण गर्नुपर्ने

४. प्रादेशिक सडक आकस्मिक मर्मत सम्भारका लागि मेशिन उपकरणको प्रत्येक कार्यालयमा व्यवस्थापन गर्नुपर्ने/अन्य वैकल्पिक व्यवस्था गर्नुपर्ने

५. Technical Standard नै नमिल्ने/सुधार्न नसकिने योजना कार्यान्वयन नगर्न निर्देशनालय/मन्त्रालयको प्रतिनिधित्व हुनेगरी सिफारिस समिति बनाउनुपर्ने (मन्त्रालय, निर्देशनालय, कार्यालयको विषय विज्ञताको मर्म जीवित राखुपर्ने)

६. प्रदेश आयोजनाको बहुवर्शीय आयोजनाको ठेक्का सहमति सम्बन्धि मापदण्ड, २०८१ मा सुधार गर्नुपर्ने,

- **नविनतम कार्यहरुः-**

१. सम्पूर्ण सुपरभाइजरहरुलाई गुणस्तर नियन्त्रण सम्बन्धि कार्यालयबाट तालिम प्रदान गरिएको,

२. कार्यालयद्वारा संचालित आयोजनाहरुको निर्माण कार्यको गुणस्तर परिक्षण गरिरहेका तथा अन्य इच्छुक गुणस्तर परिक्षण प्रयोगशालाहरुको प्राविधिकहरुसँग अन्तरक्रिया गरी प्रयोगशालाको अनुगमन गरिएको,

३. साईटमा खटिंदा कार्यालयका प्राविधिक लगायत सम्पूर्ण सुपरभाईजरहरुलाई कार्यालयको नाम लेखिएको ज्याकेट अनिवार्य गरिएको,

## ३.३. बागमती प्रदेश सरकारको बजेट निर्माणमा जनताको आवश्यकता पहिचान तथा सुझाव संकलन (पुर्वबजेट)छलफलको प्रतिवेदन, २०८२ का सरांश

### ३.३.१ छलफलको उद्देश्य

१. प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगत निर्माणाधीन विभिन्न योजना तथा आयोजनाहरुको बजेट कार्यान्वयनको सन्दर्भमा उठेका सवालहरुको सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालय मार्फत अन्य मन्त्रालयलाई अवगत गराउनु,

२. ती आयोजनाहरुको भौतिक प्रगति र वित्तीय प्रगतिको अवस्था सम्बन्धमा अध्ययन गरी चालु आ व को वजेटको प्रभावकारिता र खर्चको अवस्थामा सुधार ल्याउन अन्य सरोकारवालासँग अनुभव आदान प्रदान गर्नु,

३. बजेट निर्माण गर्दा स्थानीय तहसँग मन्त्रालयले समन्वय र सहकार्य गरी बजेट विनियोजनमा देखिन गएको दोहोरोपनालाई कम गर्नु,

४. जनताको चाहना र भावना अनुसारको बजेट निर्माण गर्न सरकारलाई मार्गदर्शन गर्नु,

५. बजेट विनियोजनमा देखिएका चुनौतीहरुलाई छिचोल्न मन्त्रालयलाई आवश्यक सुझाव दिनु,

६. गाउँपालिका तथा नगरपालिका जस्ता प्रतिनिधिमुलक संस्थाहरुमा देखिएको बजेट समस्यालाई पहिल्याउनु,

७. बजेट निर्माण र यसको प्रभाव बारे छलफल गर्नु,

८. बजेट कार्यान्वयनमा मन्त्रालयहरुले खेल्नुपर्ने भूमिकालाई सशक्त बनाउनु,
९. विभिन्न महत्त्वपूर्ण आयोजनाहरुमा देखिएका समस्या एवम् चुनौतिहरु बारे बुझ्न मन्त्रालयसँग आवश्यक छलफल गरी समाधानका पहलकदमी पहिल्याउनु
१०. आउदो बजेट निर्माणमा सकरात्मक भुमिका खेल्नु
११. आयोजना कार्यालयहरुले लिएको लक्ष्यलाई पुरा गर्न सघाउनु
१२. योजना सम्पन्नताको अवस्था आकलन गरी आउदो वर्षको बजेट निर्माण गर्दा सरकारलाई आवश्यक सहयोग र समन्वय गर्नु

### ३.३.२. अध्ययन विधि

१. यो अध्ययन यस समितिको कार्यक्षेत्रभित्रका निकाय/ नगरपालिका/जनप्रतिनिधिमूलक संस्था, आर्थिक मामिला तथा योजना मन्त्रालयसँग प्रत्यक्ष सम्वाद तथा छलफलबाट आएका विषयहरु समेटिएको हो।
२. विभिन्न जिल्लाका विभिन्न स्थानीय तह र सरोकारवाला जनप्रतिनिधिहरुले प्रत्यक्ष छलफलमा बोलेका/उठाएका सवालहरुलाई टिपेको यो प्रतिवेदन बनाइएको हो।
३. आयोजनाले तयार पारेको प्रस्तुतिकरण सम्बन्धी केहि कागजातको अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको हो।

### ३.३.३ छलफलमा उठेका सवालहरु

**आ.व २०८२/०८३ को बागमतीप्रदेश सरकारको बजेट निर्माणमा जनताको आवश्यकता पहिचान तथा सुझाव संकलन (पुर्वबजेट)छलफमा सुझाव लिने क्रममाः मिति २०८२/०१/१९ गते विभिन्न व्यक्तिहरुबाट प्राप्त सुझावहरुः-**

#### ३.३.३.१ स्थानिय विकास सम्बन्धमा प्राप्त सुझावहरुः-

✓ **सुझावकर्ताः रञ्जु मोक्तान(बलेफी गाउँपालिका)**

- आफ्नै गाउँघरमा रोजगारीको सिर्जना
- आधुनिक कृषि उपकरणको उपलब्धता र उत्पादन भएका कृषि उपजहरुको बजारिकरणको व्यवस्था
- विद्यालयहरुमा आधुनिक प्रविधि मैत्री शिक्षा लिन पाउँने व्यवस्था

- बढ्दो बैदेशिक रोजगारीले निम्तिएका समस्याहरुलाई व्यवस्थित बनाउँन आवश्यक नीतिगत र कार्यक्रमगत व्यवस्था गर्ने
- स्थानीय स्तरमा उत्पादित कृषि उपजहरुको उचित मुल्य सहित बजारीकरणको सुनिश्चितता हुने गरी कृषि र कृषक मैत्री बजेमा जोड दिन आवश्यक रहेको
- भौतिक पुर्वाधार निर्माणको कार्य गर्दा १ करोड भन्दा मुनीको लागत भएको योजना उपभोक्ता समिति मार्फत गर्ने
- टुक्रे बजेट बनाउँने परिपाटिको अन्त्य गर्ने
- शुन्य दरबन्दी भएका विद्यालयहरुमा प्रदेश अनुदान शिक्षण सिकाई अनुदान कोटा थप गर्नुपर्ने

✓ **सुझावकर्ताः हरि वहादुर तामाङ (मेलडाडा कृषि सहकारी संस्थाको अध्यक्ष)**

- किसानहरुको समस्या सम्बोधन उन्मुख बजेट निर्माण गर्नुपर्ने
- बलेफी-४ को मेलडाडामा किसानहरुको उत्पादनहरु संकलन गर्न संकलन केन्द्र भवन बनाउनु पर्ने
- माथिल्लो भेगका सर्वसाधरणहरु पालिका कार्यालय सम्म आउन सहज हुनेगरी डाडागाउँ, मेलडाडा हुदैं पालिका कार्यालय सम्मको बाटो स्तरउन्नति गरी गाडी सञ्चालन गर्नुपर्ने
- कृषिलाई यान्त्रिकीकरण गर्नुपर्ने
- कृषिलाई आधुनिकिकरण गर्नुपर्ने
- कृषि क्षेत्रका लागि प्रोत्साहान मुलक कार्यक्रम समावेश गर्नुपर्ने
- बजेट विनियोजन गर्दा आवश्यकतका आधारमा गर्नुपर्ने
- बजेट विनियोजन गर्दा नतिजाउन्मुख बजेट विनियोजन गर्नुपर्ने
- कर्मचारीको साँठगाठ र भनसुनका आधारमा बजेट बिनियोन हुन नहुने

✓ **सुझावकर्ताः ज्ञानेन्द्र कुमार नेपाल(सिन्धु बहउद्देश्यीय कृषि तथा पशुपंक्षी फर्म,बलेफी-६)**

- अधुरो ग्रामिण कृषि सडक स्तरोन्नती गरिनुपर्ने (खाडिचौर पुरानोगाउँ चिम्लिङ सडक)
- रोजगामुखी कृषि उत्पादनमा टेवा पुग्ने कार्यक्रम ल्याईनुपर्ने

- कृषि हानीकारक बन्यजन्तु बादँर बँदेल लगायत नियन्त्रणमुलक कार्यक्रम र नीति बनाउँनु पर्ने
- शिक्षामा गुणात्म सुधारका कार्यक्रमहरु ल्याईनुपर्ने
- विपदबाट बच्न पुर्वतयारी र तत्कालिन एवम् दिर्घकालीन योजना निर्माण गरी कार्यान्वयनमा लिनुपर्ने
- स्वच्छ पानीमा सबैको पहुच पुग्ने गरी योजना बनाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने
- साना सिचाई योजनको विकास र विस्तार गर्नुपर्ने
- आवश्यकातका आधारमा समस्याको पहिचान गरी धेरै भन्दा धेरै प्रतिफल दिनेखालका योजना छनौट गरि वजेट विनियोजन गर्नुपर्ने
- नेता तथा कार्यकर्ता पोस्ने र कमिशनमा चलखेल हुने योजनामा वजेट छर्ने परीपाटीको अन्त्य गरिनु पर्ने

✓ **सुझावकर्ताः भिम बहादुर आचार्य**

- वडा नं ८ को सडकलाई पहिलो प्रथामिता दीई सडक स्तरोन्नति गर्नुपर्ने
- कृषि उत्पादनमा क्षति गरिरहेका बाँदर लगायत अन्य बन्यजन्तुको नियन्त्रणका लागी यथासिग्र पहल कदमी चाल्नपर्ने
- किसानहरुलाई समयमा कृषि मल, बिउँ बिजनको आपुर्ति हुने वातारवणको निर्माण गरी उत्पादित कृषि उपजलाई वजारीकरणको सुनिश्चितता गरिनुपर्ने
- कम तलबमान र स्रोत साधनका बाबजुत निजी विद्यालयको गुणस्त बृद्धि हुँदै गएको तर राज्यले प्रथामिकता दिएर ठुलोमात्रामा लगानी गरीरहदा समेत सार्वजनिक विद्यालयको गुणस्तर खस्कन गई सार्वजनिक विद्यालय प्रति विश्वासमा कमि आईरहेको हुदाँ कडा नीतिगत व्यवस्था माफर्त गुणस्तर बृद्धिमा प्रदेश सरकारले ध्यान दिनुपर्ने
- पहुँच हुनेहरु एकै घरका ४-५ जना रोजगारी हुने तथा पहुच विहिनहरुले रोजगारी पाउँन नसक्ने विभेदकारी अवस्थाको अन्त्य गरी एक घर एक रोजगारीको नीती बनाई लागू गरीनुपर्ने

- वडा नं ८ मा प्रदेश सरकारको लगानिमा निर्माणाधिन लामोसाँगु तामाखानी पदमार्ग दुई वर्ष प्रदेश सरकारले बजेट विनियोन गरेपनि पिछल्लो पटक आवश्यक वजेट विनियोजन नहुदाँ पदमार्ग अलपत्र परेको हुँदा यो समस्या यथासिघ्र सम्बोधन गरीयोस्।

✓ **सुझावकर्ताः स्थानिय(बलेफी गाउँपालीका -७)**

- दिर्घकालीन रुपमा स्थानिय स्तरमा रोजगारी सिर्जना गर्न सकिने गरी नीति तथा कार्यक्रम र बजेट निर्माण गरिनुपर्ने
- निशुल्क स्वास्थ्य, शिक्षा र अनिवार्य रोजगारी प्रदान गर्ने गरी प्रदेश सरकारले नीति तथा कार्यक्रम निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने
- संघ, प्रदेश र स्थानिय सरकारले महिला, दलित, आदीबासी जनजाति, पिछडिएका वर्गको उत्थान हुनेगरी सरकारका नीति तथा कार्यक्रम र बजेटमा नै व्यवस्था गरी लघु तथा घरेलु उद्योगमा आधारीमत सिपमुलक रोजगारको व्यवस्था गर्ने तर्फ ध्यान दिनुपर्ने

✓ **सुझावकर्ताः ठक बहादुर तामाङ**

- किसानको घर दैलोमा सडको पहुँच तथा मुख्यबाटो पक्कि भएको भए राम्रो हुने थियो
- सवै स्थानिय बासिले स्वच्छ खानेपानी प्राप्त गर्न सक्ने गरी कार्यक्रम र वजेटको व्यवस्था हुनु पर्ने
- गाउँ टोलमा हुने विकास निमार्णका कार्यमा वजेट अपुग भई निमार्ण कार्य अपुरा र अधुरा रहेका हुदाँ विकास निर्माण सम्पन्न हुने गरी बजेटको व्यवस्था हुनुपर्ने
- पुर्वाधार निर्माण र विकास निर्माणका काम कम हुने र भ्रष्ट्रचार बढी हुने गरेकोले यस्ता समस्या समाधान गर्न प्रदेश सरकारको ध्यान जान आवश्यक रहेको

✓ **सुझावकर्ताः आसामान तामाङ**

- परम्परागत कृषि प्रणालिलाई प्रतिस्थापन गर्दै आधुनिक कृषि प्रणालिमा जोड दिनेगरी नीति तथा कार्यक्रम र बजेट आउँनुपर्ने
- ग्रामिण सडक स्तरोन्नतिमा सरकारले उच्च प्रथामिकता दिनुपर्ने

- सरकारले नीति तथा कार्यक्रम र बजेट मै सिपमुलक कार्यक्रमको सुनिश्चितता गरी रोजगारी सिर्जना गर्नेतर्फ लाग्नुपर्ने

✓ **सुझावकर्ता: प्रेम बहादुर तामाङ(लामोसाँगु बचत तथा ऋण सहकारी संस्था लि.,बलेफि - ८)**

- कृषि उत्पादनको बजारीकणमा सहयोग पुग्नेगरी सरकारको मापदण्ड बमोजिम किसानका घरदैलो सम्म कृषि सडक र कृषि उत्पादनका लागी आवश्यक सिञ्चाई र समयमा मल तथा बिउँ विजनको उपलब्धता गराउँनु पर्ने
- प्रदेश र स्थानिय सरकारको साझेदारीमा कृषि र किसान मैत्री कार्यक्रमा तर्जुमा गरी कार्यान्वन गर्न सके किसानहरुमा उत्साह र कृषि उत्पादनमा बृद्धि हुने थियो
- मुख्यतः पक्कि सडक र किसानका लागि आवश्यक कृषि मल विउँ विजनको सहज प्राप्तिमा सरोकारवाला निकायको ध्यान जानपर्ने

✓ **सझावकर्ता: लक्ष्मी लामिछाने(बलेफी गाउँपालिका वडा नं-६,वडा सदस्य)**

- बलेफी गाउँपालिका वडा नं ६ मा वडा स्तरीय र टोल स्तरीय बैठक वस्नका लागि सामुदायिक भवनको आवश्यकता रहेको छ, यसको लागि आवश्यक बजेटको व्यवस्था गरियोस्
- प्रत्यक गाउँ र टोलमा जानको लागी सिढी र गोरेटो बाटोको आवश्यकता रहेको हुदाँ यो समस्यको सिघ्र समाधान खोजियोस्
- दलित महिला र वर्गका दिदिबहिनि, आमाबुबा तथा दाजुभाई र सम्पुर्ण कम्जोर वर्गलाई सहयोग पुग्नेगरी सिपमुलक तालिम तथा कार्यक्रमको व्यवस्था मार्फत आयआर्जनका ढोकाहरु खुल्ला गर्न सरकारले ध्यानदेवस्
- विशेष गरी दलित उत्थानका कार्यक्रम संञ्चाल गरी दलित वर्गको जिवनस्थर सुधारमा स्थानिय तथा प्रदेश सरकाले नेत्रृत्दायी र अभिभाकिय भुमिका निर्वाह गरोस्
- महिला दिदि बहिनिहरुका लागि सिपमुलक तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने
- दलित तथा लक्षित वर्गको शिक्षा, स्वास्थ्य र जिवन निवार्हलाई सरल र सहज हुनेगरी दलित महिला, बालबालिका, अपाङ्ग, एकल महिला र विपन्न लक्षित बजेट विनियोजन हुनुपर्ने

- पालिका र वडा भित्रका मुख्य-मुख्य सडकहरु कालोपत्रे गरिनुपर्ने
- किसान मैत्रि कार्यक्रम मार्फत किसानको घर दैलोमा गएर कृषि परामर्श प्रदान गरी कृषि उपार्जनका आधुनिक तौर तरिकाहरुको बारेमा किसानहरुलाई विज्ञहरुबाट सल्लाह सुझाव प्रदान गरि कृषि उत्पादनलाई आधुनिक र वैज्ञानिक बनाउँन स्थानिय तथा प्रदेश सरकारले ध्यान दिनुपर्ने
- कृषि उत्पानको बजार सुनिश्चित गर्न सरकारले उच्च प्रतिबद्धता साथ ठोस र विश्वासिला कार्यक्रम ल्याउँनु पर्ने
- वडा सदस्यहरुले निर्वाचनमा उठ्दै गर्दा जनताहरुमाझ गरेका प्रतिबद्धताहरु पुरा गर्न सक्नेगरी र वडा सदस्यहरुले पनि सांसद जस्तै बजेट खर्च गर्न सक्नेगरी बजेटगत व्यवस्था गरीनुपर्छ
- प्रत्यक वर्ष बजेट तथा कार्यक्रमहरुको निर्माण हुन्छ तर वडा सदस्यहरुको भुमी शुन्य जस्तै हुन्छ अबका नीति तथा कार्यक्रम र बजेटमै वडा सदस्यको भुमिकालाई स्पष्ट कीटान गरिनुपर्छ
- पालिका स्तरीय दलित तथा महिला सञ्जाल निर्माण गरी बजेट निर्माणमा सबैको माग र आवश्यकता सम्बोधन हुने गरी बजेट निर्माण गर्ने र महिला र दलित सञ्जाललाई सशक्त बनाउँन केही बजेटको व्यवस्था गर्ने

✓ **सुझावर्कताः जगत तामाङ(ने.क.पा माओवादी केन्द्र वडा पार्टि अध्यक्ष)**

- नीति तथा कार्यक्रम श्रमिकको सम्मान हुने खालको बन्नुपर्छ
- श्रमिकको सम्मान गर्न नसक्ने नीति तथा कार्यक्रमले उद्योगधन्दा, कलकारखाना सञ्चालन गर्न गाह्रो हुन जान्छ
- कलकारखानामा काम गर्ने मजदुरहरुको तलव, भत्ता सम्मान योग्य र जिवन निर्वाह गर्न सकिने गरी तोकिनुपर्ने र सरकारी कर्मचारी सो-सरह सेवा सुविधा तथा विमा तथा संञ्चयकोषको सुविधा प्रधान गर्ने गरी नीतिगत र कार्यक्रमगत व्यवस्था गरी स्थानिय सरकारबाट यस्ता सेवा सुविधा सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था गरिनुपर्छ
- वर्तमान शिक्षा प्रणालि सैद्धान्तिक भएकोले यसलाई व्यवहारीक र प्राविधिक बनाउने तर्फ सरकारले ध्यान दिन आवश्यक छ

- कृषिमा किसानहरुलाई आकर्षण र नवयुवाहरुलाई प्रवेश गराउँन सुलभ ब्याजदरमा ऋण तथा कृषि योजना हेरी अनुदानका कार्यक्रमलाई प्रथामिकताका साथ कार्यान्वयन गर्ने र संयुक्त व्यवसायीक फर्महरु संञ्चाल गर्न सरकारले अभिभावकिय र नेत्रृत्वदायी भमिका खेल्ने
- अधुरो अवस्थामा रहेको ओडेर खोला सिचाई योजना पुरा गर्न बजेटको व्यवस्था गर्नुपर्ने
- मठमन्दिर निङमा पाल्देन गुम्बा निर्माण अधुरो रहेको हुदाँ यसलाई पुरा गर्न आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने

✓ **सुझावकर्ताः रचना वि.क(बलेफि गाउँपालिका वडा नं ७ वडा सदस्य)**

- बलेफी गाउँपालि वडा नं ७ को खाडीचौर देखि चिम्लिङ सडक ७ कि.मि मध्ये अहिले सम्म ३ कि.मि मात्रै कालोपत्रे हुनसकेकोले बाँकि ४ कि.मि पनि यथासिघ्र निर्माण गर्ने तर्फ सरकारको ध्यानजावस् र अप्ठ्यारो ठाउँमा पिसिसि र सडक छेउँमा सुरक्षा बार लगाएर सवारी आवागमनमा सहजता प्रदान गर्न समेत अनुरोध गर्दछौ
- सडकको काम समयमै सम्पन्न भई सार्वजनिक यातायात सञ्चालन हुँदा विरामि तथा सुत्केरीहरुलाई अस्पताल सम्म पुर्‍याउन सहज हुने थियो, यस तर्फ सरकारवाला निकायले प्रथामिकताका साथ काम गर्न खाचो छ
- वडा नं ७ को माथिल्लो भेगमा सामुदायीक भवनको आवश्यकता खट्कीएको छ, यसकाली लागि पनि सरकारले दृष्ट्रि पुर्‍याउन आवश्यक छ
- बृहत खानेपानि योजना मार्फत एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी बनाई जनतालाई स्वच्छ खानेपानिको पहुँच पुर्‍याउनु पर्ने आवश्यकता छ
- शिक्षालाई केन्द्र विन्दुमा राखेर दलिमत लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने खाचो रहेको
- दलित विद्यार्थिलाई विशेष छात्रावृत्ति तथा लोकसेवाका कक्षाहरु सञ्चालन गर्दा राम्रो हुने
- पालिका भित्र सबैको पायक पर्ने ठाउँमा एक बाल उद्यान भएको भए उचित हुने थयो
- महिला सञ्जाल र दलित सञ्जालका लागि प्रत्यक वर्ष बजेट विनियोजन हुन पर्ने

- बजेट जहिले पनि अध्यक्ष, उपाध्यक्ष तथा अन्य व्यक्ति र दल केन्द्रित (अशं मागे जस्तो) नभई नागरिकका माग र आवश्यकता केन्द्रित हुनुपर्ने
- आ-आफ्ना पार्टिका कार्यकर्ता केन्द्रित योजनाहरुको अन्त्य गरी वास्तविक पिडित र नागरिक केन्द्रित योजना बनाईनु पर्ने आवश्यकता छ
- एक गाउँ एक उत्पादनलाई हरेक वडामा विस्तार गरियोस्
- बजेट प्राय कार्यपालिका सदस्यहरुले भनेबमोजिम मात्रै हुनेगरेको छ, वडा सदस्यहरुलाई पनि केहि राम्रो काम गर्नको लागि पालिका बाट वा प्रदेश बाटै तोकेर पठाएको भए राम्रो हुने

✓ **सुझावकर्ताः रेशमवहादुर तामाङ(श्री विङ्याल आधारभुत विद्यालय, बलेफी-५,)**

- कृषि उपज उत्पादमा कृषकहरुका लागि प्रोत्साहनका कार्यक्रमहरु ल्याउँनुपर्ने
- दुग्ध तथा दुग्धजन्य पदार्थहरुमा उत्पादनको लागि प्रोत्साहन दिने कार्यक्रम जस्तैः सामग्रि, उपकरणको उपलब्धता तथा उचित बजारीकरण र अनुदान (उत्पादनमा आधारीत) को व्यवस्था गर्नुपर्ने
- लिफ्ट सिचाईको आवश्यक आर्थिक जोहो गरी लिफ्ट सिचाईको व्यवस्था गर्नुपर्ने
- दुग्ध पदार्थ उत्पादनमा, उत्पादनको आधारमा कृषकहरुलाई अनुदान र कृषि प्रविधिको उपलब्धता गर्नुपर्ने
- कृषक तथा कृषिमुखि बजेटको अपेक्षा

### ३.३.३.२ राजस्व र यसको दर तथा दायारा सम्बन्धि सुझावहरुः-

✓ **रमेश तामाङ -बलेफि ५ विङ्याल (सामुदायिक बन-आबद्धता)**

- राजस्व कुनै पनि सरकारको राज्य संचालन गर्न आवश्यक हुन्छ, कर कसैलाई छुट कसैलाई धेरै तिर्ने तथा कर राजस्व तिर्न थोरै समय ढीलो हुने वित्तिकै हर्जना वा जरीवाना तिर्नुपर्ने र कर तिर्न गाह्रो र झन्झटिलो रहेको अवस्था विद्यमान छ । यसलाई सुधार गरी समय सापेक्ष र वैज्ञानिक बनाउँनु पर्ने आवश्यकता छ
- करमा ग्रामिण भेगका जनताहरुलाई केही प्रतिशत छुट हुन जरुरी छ

- करको दर र दायरालाई सबै प्रकारका व्यवसाय, सवारीसाधन, श्रम तथा रोजगारीमा विस्तार गरिनुपर्छ
- कर तिर्न सहज वातावरण र सरल प्रक्रियाको व्यवस्था हुन आवश्यक छ,

✓ **नेत्र प्रसाद नेपाल(बलेफी गाउँपालिका -४, विन्जेल)**

- पसल कर बढाउँने
- गिट्टि, बालुवा, ढुङ्गा उत्खनन्मा करको दर बृद्धि गर्ने
- सामुदायीक वन जङ्गललाई करको दायारा भित्र ल्याउँने
- स्थानिय स्थरमा उत्पादित रक्सि तथा तमाखुमा कर लगाउँने र धुम्रपान तथा मध्यपान जन्य वस्तुमा करको दर बृद्धि गर्ने
- सडक करलाई व्यवस्थित र विस्तारीत गर्ने

✓ **प्रकाश कार्की(बलेफी गाउँपालि)**

- प्रदेश सरकारले मदिरा तथा सुर्तिजन्य वस्तुको राजश्मा बृद्धि गर्दै सर्वसाधारणले दैनिक रुपमा उपभोग गर्ने वस्तुहरुमा लाग्दै आएको करमा कटौति गर्नु उचित हुन्छ ।

✓ **अन्य व्यक्तिहरु**

- राजस्व चुहावट रोक्ने तथा करको दरमा कमि गर्नुपर्ने
- कृषि सामग्री तथा किसानले प्रयोग गर्ने सामाग्रिमा करको दर कम गर्नुपर्ने
- राजस्व असुलिका वैज्ञानिक मापदण्डको तयार गरी आयस्रोतका आधारमा राजस्व उठाउँनु पर्ने

### ३.३.३.३ बजेट विनियोजन तथा खर्च सम्बन्धि सुझावहरुः-

✓ **रमेश तामाङ-बलेफी ५(सामुदायीक वनमा आवद्धता)**

- बजेट विनियोनमा दलित बस्तिको सडक, खानेपानी र आवश्यक सरसफाईलाई पहिलो प्रथामिकतामा राख्नुपर्ने
- स्थानीय सरकारबाट वजेट कार्यान्वयन गर्दा आवश्यक जनशक्तिको जोहो गरी एक द्वार प्रणाली मार्फत कार्यान्वन गर्ने नीति तथा कार्यक्रम बनाउँने

- पावर पहूँच र आग्रह, पुर्वाग्रहको आधारमा भन्दापनी जनताका माग, चाहना र आवश्यकताहरुको सम्बोधन हुनेगरी सबैको सहभागीता र अपनत्वमा बजेट बनाईनुपर्छ र पारदर्शि रुपमा कार्यान्वयन गरिनुपर्छ

✓ **नेत्र प्रसाद नेपाल (बलेफि गाउँपालिका -४,विन्जेल)**

- बलेफि गाउँपालिका ४ विन्जेल स्थित तल्लो विन्जेल, उनिचौर, खर्कचौर, मुलवारी वाटो स्तरोन्नति गर्ने
- खेतिको समयमा किसानलाई समयमा मल र विउँ बिजन उपलब्ध गराउँनु पर्ने
- बाँदर, बँदेल जस्ता कृषि हानिकारक जिवजन्तु नियन्त्र गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गर्नुपर्ने
- भ्रष्ट्रचार उन्मुलका लागी प्रभावकारी र कार्यान्वयन योग्या नीति तथा कार्यक्रम ल्याउँनु पर्ने
- आकेपानिको भरमा गरिने कृषि खेतिका लागी सिचाईको व्यवस्था गर्नुपर्ने
- पशु पालक किसानहरुको उत्पादीत दुध, मासुको उचित मुल्य सहित वजारीकरण गरी समयमै भुक्तानि पाउँने वातावरणको निर्माण गर्न आवश्यक व्यवस्था गर्ने

✓ **हरि बहादुर तामाङ(भेलडाडा कृषि सहकारी संस्थाको अध्यक्ष)**

- चुवाट बजेटको नियन्त्रण गर्नुपर्ने
- किसानहरुलाई समयमै मलको आपुर्ति गर्ने गरी बजेटबाट सम्बोधन गर्नुपर्ने
- दुधको भुक्तानि समयमै गर्ने व्यवस्था गर्नुपर्ने
- प्रदेश सरकारबाट विनियोजित बजेटको सफल र प्रतिफलयुक्त कार्यान्वयन गर्न स्थानीय सरकार सँग समन्वय र सहकार्य गर्ने
- कृषिहानिकारक जङ्गलि जनावरहरुको नियन्त्रण गर्ने
- कृषि उपजहरुको संकलन र भण्डारण गर्न ठाउँ-ठाउँमा आवश्यक पुर्वाधारको निर्माण गर्ने

✓ **लेख बहादुर तामाङ (बलेफि गाउँपालिका वडा नं ७ वडा सदस्य)**

- विभिन्न विजेट शिर्षकमा बजेट विनियोजन गर्दा सम्बन्धित शिर्षकमा छुट्याईको बजेटले अल्पकालीन तथा दिर्घकालिन समयमा लक्ष्य अनुसार नतिजा हासील गर्न सक्ने नसक्ने एकिन गरेर मात्रै वजेट विनियोजन गर्नुपर्छ
- माग भई पठाईएका योजनहरुलाई हचुवाको भरमा वजेट छुट्याउँने भन्दा पनि योजनको आवश्यकताको पहिचान गरी वढि प्रभावकारी र प्रतिफलयुक्त योजनालाई प्रथामिकता दिने परिपाटिको विकास गरीनुपर्छ
- योजनाहरुको छनौट गर्दा स्थानिय स्थरमा उपलब्ध स्रोत साधन र प्राकृतिक स्रोत साधनहरु जस्तैः जल, जमिन, माटो, वनजङ्गल, हावापानि र भौगोलिक अवस्थितिलाई समेत ख्याल गरिनुपर्छ

✓ **प्रकाश कार्की (बलेफी गाउँपालिका)**

- प्रदेश सरकाले बजेट विनियोजन गर्दा पार्टिगत हित र सल्लाह सुझावमा भन्दा पनि समग्र प्रदेशको हितमा केन्द्रित रहि विज्ञहरुको सल्लाहमा रणनैतिक महत्वका विकास योजनामा बजेट बिनियोजन गर्नुपर्छ
- योजना कार्यान्वयन गर्दा Tendering गर्दा तोकिएको समयमा काम सम्पन्न हुन नसकेमा त्यस्ता निर्माण व्यावसायिलाई कडा कानुनी दायरामा ल्याउँनु पर्छ र त्यस्तो निर्माण कम्पनिलाई Black list मा राख्नुपर्छ जसले विकास निमार्णमा पारदर्शिता, शिघ्रता र गतिशिलता प्रदान गर्छ

✓ **रुद्रध्वज कार्की (कृषि व्यवसायि)**

- कुनैपनि आयोजना सम्पन्न गरी लक्षित वर्ग र समुदायले उचित लाभ लिनेगरी आवश्यक बजेट विनियोजन गरिनुपर्छ
- साधारण खर्चमा मितव्ययिता अपनाउँनु पर्ने जस्तैः फजुल खर्च, भ्रमण खर्च, इन्धन खर्च, वैठक भत्तामा न्युनिकरण गरिनुपर्छ

✓ **अन्य व्यक्तिका सुझावहरु**

- बजेट खर्च पारदर्शि र मितव्ययि तथा कानुन सम्मत हुनुपर्छ

- विकास निर्माण चैत्र भित्र सक्ने गरी गरिनुपर्छ, असारे विकासको परम्परा अन्त्य गर्न आवश्यक छ

## ३.४ आ.व २०८२/०८३ को बागमतीप्रदेश सरकारको बजेट निर्माणमा जनताको आवश्यकता पहिचान तथा सुझाव संकलन (पुर्वबजेट)छलफमा सुझाव लिने क्रममाः मिति २०८२/०१/२० गत्ते विभिन्न व्यक्तिहरुबाट प्राप्त सुझावहरुः-

### ३.४.१ राजस्व र यसको दर र दायारा सम्बन्धि सुझावः-

✓ **श्रीकृष्ण श्रेष्ठ(घर जग्गा कारोवारी)**

- कर राजस्वहरु सवारी कर, घरजग्गा कर, पेशागत सम्पति कर लगायतका करलाई डिजिटलाईट गर्ने
- राजस्व पुर्वानुमान प्रणालिलाई वैज्ञानिक र विश्वासिलो बनाउँने
- सेवा दस्तुरलाई समय सापेक्ष र यथार्थ बनाउँने
- खानि र खनिजजन्य पदार्थको उत्खनन् सम्बन्धि निश्चित नीति र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउँने
- सार्वजनिक सम्पतिको प्रभावकारी र प्रतिफलयुक्त उपयोग गर्ने
- प्रदेश कर नीति तयार गरि लागु गर्ने

✓ **अनुप थापा (बागमाती प्रदेश सभा स्वकिय सचिव)**

- प्रगतिशिल कर प्रणालिको विकास गरीनुपर्ने
- आयस्तर अनुसार करका दरहरु निर्धारण गर्नुपर्ने
- विलासिताका वस्तुहरुमा कर बढाउने तथा जनताका दैनिक उपभोग्य बस्तुहरुमा कर घटाउँने
- प्रदुषण कर लगाउँने
- साना व्यवसायीलाई प्रोत्साहनमुलक कर लगाउँने र ठुला व्यावसायीलाई नियमित कर तिर्न प्रोत्साहन हुने कार्यक्रम ल्याउनुपर्ने
- धरै सम्पति हुनेहरुलाई अतिरिक्त कर लगाई करको दायारा विस्तार गर्ने

- निजि क्षेत्र लगायत सम्पुर्ण कारोवारलाई करको दायारामा आउँने गरि कर प्रणालिमा सुधार गर्ने
- विद्युतिय सवारी साधनमा लाग्ने करलाई निश्चित समयका लागि कम गर्ने र स्वास्थ्यलाई हानि पुर्‍याउने बस्तु तथा सेवामा कर बढाउने

✓ **राजमान बज्राचार्य (नेपाल हस्तकला महासघं, थापाथली)**

- हस्तकला क्षेत्रले स्थानिय सिप, कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानिय कच्चा पदार्थ जुन कतिपय अवस्थामा खेर जाने संघारमा रहेका छन् यसमा आवद्ध कलाकार, कलाकर्मिहरुका लागि बिशेष कर छुट दिई सहज रुपमा उपलब्ध गराउनुपर्ने
- नेपालि हस्तकला क्षेत्रमा विशेषतः परम्परागत सिप, कला विश्वकै अद्बितिय र मौलिक रहेको अवस्थामा यसमा आबद्ध कलाकार, हस्तकलाकर्मिहरुलाई प्रदेश सरकारको तर्फबाट उचित सम्मान र पहिचान दिदै विशेष सेवासुविधाका साथ उच्च सम्मान गरिनुपर्ने
- स्थानिय उद्यमशिलता विकास र नवप्रवर्द्धनको लागि उद्योग स्थापना तथा रोजगारी सिर्जना गर्न उद्योगिलाई निश्चित छुटको व्यवस्था गरी प्रोत्साहन गर्ने

✓ **नविन शाक्य (बागमती प्रदेश हस्तकला संघ)**

- राजस्व सरकारको नियमित सञ्चालनको लागि आवश्यक छ तर नेपालको भौगोलिक स्थितिलाई पनि ध्यानमा राखी करका दरहरु सान्दर्भिक हुनुपर्छ
- स्वदेशि वस्तु तथा सेवाको उपभोग गर्न सक्ने र विदेशी वस्तु तथा सेवा सँग प्रतिस्पर्धा गर्न सक्ने गरी स्वदेशि उत्पादनमा कर छुटका प्रावधानहरु समेटिनु पर्ने आवश्यकता रहेको छ
- करको दर बढाउँने भन्दा दायरा बिस्तार गर्ने तर्फ सरकारको ध्यान जानुपर्छ
- राजस्वको महत्व र यसको आवश्यकता सम्बन्धमा जनचेता बृद्धिका कार्यक्रमहरु संचाल गर्नुपर्ने
- नियमित करदाताहरुलाई सम्मान गर्नुपर्ने र कर तिर्न आनकानी गर्नेहरुलाई करको सिमामा आबद्ध गर्न कडा नीतिको अबलम्बन गर्नुपर्ने

✓ **दिल सुन्दर श्रेष्ठ (नेपाल उद्योग वाणिज्य महासंघ बागमाती प्रदेश)**

- झन्जटिलो कर प्रणालिलाई प्रतिस्थापन गर्दै एकद्वार प्रणाली बाट कर तिर्ने संरचनाको विकास गर्नुपर्ने
- लक्ष्य मुताबिक कर संकल नभई रहेको हुदाँ वैज्ञानिक अनुमान र लक्ष्य निर्धारण गरी लक्ष्य अनुसारको कर संकलन गर्न करप्रशासनलाई जिम्मेवार बनाउँने
- कर सम्बन्धि अनुगमन प्रणालीलाई प्रभाकारी बनाउँने र करदाता शिक्षा बृद्धि गर्ने तर्फ ध्यान दिने
- सवारी चालकहरुलाई SMS मार्फत सजगता प्रदान गर्ने गरी सुचनाप्रबिधिको विकास गर्ने
- करको दायरा विस्तार गरी दहत्तर बहत्तर बाट संकलन हुने राजस्वलाई व्यवस्थित गर्दै लैजाने
- बन्द र जिर्ण अवस्थामा रहेका औद्योगहरुलाई प्रदेश सरकार मातहत ल्याई सञ्चालन गर्न प्रदेश सरकार सक्रिय हुनिपर्ने

✓ **लक्ष्मी खनाल (उद्योग वाणिज्य महासंघ बागमती प्रदेश )**

- राजस्व प्रणाली सरल, सुलभ र अनुमानयोग्य हुनुपर्दछ
- स्वयम कर निर्धारण गरि करदातलाई कर सहज रुपमा कर तिर्न सक्ने वातावरणको निर्माण गर्नुपर्ने
- राज्यले आफ्नो सक्रयतामा नै करदाता शिक्षाको माध्यमबाट नागरिकलाई कर दर र दायरा बारे जानकारी गराउँनु पर्छ
- कर तिर्नु हाम्रो दायित्व हो भन्ने जनभावनाको विकास गर्ने गरी नागरीकलाई अपनत्व बोध गराउँन सरकार निरन्तर लागिपर्ने
- लघु तथा साना उद्यमिले तिर्ने राजस्वमा विशेष छुटको व्यवस्था गर्ने

✓ **दिनेश लामा (रोशी गाउँपालिका)**

- राजस्वको दर भन्दा दायरा बढाउँनुपर्ने
- वनजङ्गललाई ऐन बनाई करको दायरामा ल्याउँनु पर्ने

- कवाडजन्य व्यवसायलाई करको दायरामा ल्याउँनुपर्ने
- जडिवुट्टिलाई करको दायरामा ल्याउँनुपर्ने

✓ **संजय (धुलिखेल नगरपालिका)**

- राजस्व तिर्न सहजिकरण गर्नुपर्ने
- Online Business र Digital marketing लाई करको दायरामा ल्याउँनुपर्ने
- राजस्व संकलन एकद्वार प्रणालि र राजस्व तिर्न करदातालाई SMS मार्फत सुचना प्रवाह गर्ने वातावरणको विकास गर्ने
- बैदेशिक सामाग्रिमा करको दर बृद्धि गर्ने

### ३.४.२ बजेट विनियोजन तथा खर्च सम्बन्धि सुझावः-

✓ **श्रीकृष्ण श्रेष्ठ (घरजग्गा कारोवारी )**

- प्रथामिकता अनुसार बजेट विनियोन गर्ने
- स्थानिय तह सँग समन्वय हुनेगरि पुर्वाधार विकास, कृषि, रोजगार, सामाजिक सुरक्षा तथा स्थानिय आवश्यकता अनुसार बजेट विनियोजन गर्ने
- सामाजिक, आर्थिक, भौगोलिकरुपमा कार्यान्वयनयोग्य योजनाको छनौट गरि पारदर्शिरुपमा बजेटको खर्च गर्ने

✓ **अनुप थापा (बागमती प्रदेश सभा स्वकिय सचिव)**

- विकास आयोजनाको वर्गिकरण गरि प्रथामिकतको आधारमा बजेट विनियोजन गर्ने
- बजेट खर्चलाई पारदर्शि बनाउँन नियमित मोनिटरिङ गर्ने
- कर्जा र जोखिम व्यवस्थापन गर्ने, आय बढाउने वैकल्पिक उपाय सहितका दिर्घकालीन योजना बनाउँने

✓ **राजमान बज्राचार्य (नेपाल हस्तकला महासँघ, थापाथलि)**

- बागमती प्रदेश सरकारले हस्तकला नीति पारित गरिसकेको अवस्थामा १३ वटै हस्तकला ग्राम स्थापनाको लागि आवश्यक पर्याप्त बजेटको व्यवस्था गरिनुपर्ने

- स्थानिय सिप कला प्रवर्द्धनको साथै परम्परागत सिपलाई नयाँ पुस्तामा पुस्तान्तरण गरी पहिचानलाई जगेर्ना गर्दै युवापुस्ता बिदेश पलायन हुन बाट रोक्न प्रयाप्त बजेट विनियोजन गर्नुपर्ने
- स्थानिय उद्यमशिलता विकासको लागि सहुलियत कर्जा तथा विना धितो कर्जाको लागि बजेट व्यवस्था हुनुपर्ने
- स्थानिय उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा पुर्‍याउन तथा प्रचारप्रसार गर्न नेपाल उद्योग महासंघले गर्दै आएको व्यापार मेलाका लागि निश्चित मात्रामा तोकेर बजेट विनियोजन हुनुपर्ने
- नेपाल उद्योग महासंघबाट गर्दै आएको तालिम सिप हस्तान्तरण तथा कलाकार सम्मान लगायतका तथ्याङ्क संकलन कार्यका लागि पर्याप्त बजेट बिनियावजन गरिनुपर्ने

✓ **नविन शाक्य (बागमती प्रदेश हस्तकला संघ)**

- बजेटको विनियोजन गर्दा प्रदेशको मौलिक पहिचान खुल्ने गरी हस्तकला सँग सम्बन्धित कम लागत तथा बढी प्रतिफल दिने घरलु तथा साना व्यवसायको विकास र प्रबर्द्धनका कार्यक्रमहरुलाई प्रथामिकताका साथ राखि कम आय भएका महिला, गरिब, बरोजगार तथा लक्षित वर्गलाई समेटने गरी कार्ययोजना तयार गरी लागू गर्ने
- घरलु तथा साना उद्योग र उत्पादलाई लक्षित गरी प्रोत्साहन मुलक कार्यक्रमलाई स्थानिय तथा प्रदेश सरकारले प्रथामिकतामा राखी अघि बढ्ने
- अन्तराष्ट्रिय बजार प्रबर्द्धन योजना र राष्ट्रिय भौतिक पुर्वाधार योजना जस्ता परियोजनालाई बजेटले समेट्ने गरी कार्यक्रम तयार गर्नुपर्छ
- बजेट खर्चमा बृद्धि गरी आर्थिक स्थायित्व कायम गर्न र विकास कार्यलाई लक्ष्य उद्देश्य उन्मुख बनाउँन आधुनिक, वैज्ञानिक र दिगो कार्यविधि तयार गरी लागु गरिनुपर्दछ

✓ **दिल सुन्दर श्रेष्ठ (नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश )**

- बजेट विनियोजन गर्दा आर्थिक स्थायित्व र उत्पादन बृद्धि गरी छिटो प्रतिफल दीने खालका योजना पहिचान गरि त्यस्ता योजनामा लगानी बृद्धि गर्ने तर्फ सरकारको ध्यान जानुपर्दछ

- महिला लक्षित घरेलु तथा साना उद्यमशिलता विकास कार्यक्रमहरुलाई प्रथामिकता दिई आर्थिक क्रियाकलापमा महिलाहरुको सक्रिय सहभागिता सुनिश्चित गरिनुपर्छ
- खनिज र प्राकृतिक स्रोतबाट हुने आयलाई बढाउँन आयका नयाँ स्रोतहरुको पहिचान गर्न आवश्यकता छ
- राष्ट्रिय तथा अन्तराष्ट्रिय मेला महोत्सवको माध्यमबाट नेपाली उत्पादनको प्रचार प्रसार तथा विश्व वजारीकरणका सम्भावनाहरुको खोजि गर्ने कार्य गरिनुपर्छ।

✓ **लक्ष्मी खनाल (उद्योग वाणिज्य महासंघ बागमती प्रदेश)**

- बजेट विनियोजन गर्दा स्थानिय उत्पादनलाई प्रथामिकताका साथ राखि विनियोजन गर्नु आवश्यक छ
- लघु उद्यमिलाई प्रथामिकता दिई नयाँ उत्पादनलाई उत्पादन र प्रबर्द्धन गर्नको लागि विशेष व्यवस्था मार्फत बजेट विनियोजन हुनुपर्छ
- वर्तमान युग विज्ञान र प्रविधिको युग भएकोले उत्पादनलाई डिजिटल माध्ममा जोड्दै प्रत्यक जिल्लाका उद्यमिहरुलाई समेट्ने गरि डिजिटल प्रविधि र नवप्रवर्धन सम्बन्धमा तालिम सञ्चालन गर्न आवश्यक वजेट विनियोजन गरिनुपर्छ
- उत्पादित बस्तुलाई उद्यमि आफैले प्रचार प्रसार गर्न e-commerce जस्ता नव डिजिटल माध्यमको बढी भन्दा बढी प्रयोग गर्नको लागी वजेट मार्फत नै विशेष कार्यक्रममा जोड दिनुपर्छ

✓ **दिनेश लामा (रोशी गाउँपालिका)**

- याथार्थमा आधारित स्रोत अनुमान गरी बजेट निर्माण गर्नुपर्ने
- सार्वजनिक खरिद ऐन संशोधन गर्नुपर्ने । अन्यथा पुजिगत खर्च गर्न सकिदैन
- अन्तर सरकारी वित्तीय हस्तान्तरणमा शसर्त अनुदान घनाउँनु पर्ने र समानिकरणको मात्रा बढाउँनुपर्ने

✓ **संजय (धुलिखेल नगरपालिका )**

- तिन तहको सरकारको आवश्यकता र प्रथामिकताको आधारमा वजेट विनियोजन हुनिर्ने
- योजना तर्जुमा गर्दा सम्बन्धित स्थानिय सरकार र योजना कार्यान्वयन हुने सम्बन्धित वडा तथा स्थानिय जनतासँगको सल्लाह सुझावमा गरिनुपर्छ
- योजना तर्जुमा गर्दा प्रत्यक्ष रुपमा जनताको आय र जिवनस्तरमा सुधार हुने किसिमले प्रतिफलयुक्त योजनाको छनौट र प्रथामिकिकरण गरिनु पर्दछ
- प्रत्यक वडामा एउटा गौरवको योजना छनौट गर्नुपर्छ जसले त्यस वडा र वडा बासिहरुको GDP आय र Capital Income मा प्रत्यक्ष सरोकार राखोस्
- प्रत्यक वडा र स्थानिय तहमा रहेका प्राकृति, सांस्कृतिक र धार्मिक पर्यटकिय सम्भावनाको खोजि गरी त्यसको प्रचार-प्रसार र विकास मार्फत स्थानिय विकासमा सहयोग पुग्ने कार्यक्रम तयार गरि लागु गर्न बजेटले सम्बोधन गर्नुपर्ने
- खर्च सम्बन्धमा बजार भाउँ अनुसार सामाग्रि दररेट निर्धारण गर्नुपर्ने
- सबै प्रकारकार प्राकृतिक स्रोतबाट प्राप्त आयलाई राजस्वमा समेट्ने गरी कार्ययोजना तयार गर्ने
- सांस्कृत महत्वका उत्पादीत सामाग्रिहरुको बजारिकरणको लागी स्थानिय तथा प्रदेश सरकारले आवश्यक सहयोग गर्नुपर्ने र त्यस्ता परम्परागत उत्पादित बस्तुहरुको ब्यावसायीक उत्पादन र बजारिकरण गरिनुपर्ने आवश्यकता रहेको छ।

## ३.४.३ निश्कर्ष र सुझाव

### ३.४.३.१ निश्कर्ष

बजेट निर्माण तथा कार्यान्वयन एक जटिल प्रक्रिया हो। यसको सफलता र असफलतामा नै राष्ट्र/प्रदेशको उन्नति वा अवनतिसँग जोडिएको हुन्छ। त्यसैले प्रदेश सरकारले बजेट निर्माण गर्दा नागरिकले तिरेको करको (राजस्वको क्षमता) भौगोलिक अवस्था, जनसंख्या र समुदाय वा क्षेत्रको स्थितिको आधारमा विकासको आवश्यकता पहिचान गरी समता र समानतालाई केन्द्रमा राखेर बजेट विनियोजनको नक्साङ्कन गरिनु पर्दछ। बजेटलाई कुशलता पूर्वक विनियोजन गरियो भने जनताको आवश्यकता पुरा गर्न मदत गर्दछ। प्रदेश सरकारले जनता आवश्यकता र चाहना बुझ्नको लागि स्थानीय तहको संलग्नता र सहभागिता जरुरी हुन्छ। स्थानीय जनप्रतिनिधिले माग गरेको बजेटलाई संघ, प्रदेश र स्थानीय तहबिच नबाझिने र

नदोहरिने गरी विनियोजन भयो भने बजेट र विकासमा अपनत्त्व ग्रहण गर्दछ। यसका लागि तिनै तहबिच समन्वय र सहकार्य हुन अति आवश्यक देखिन्छ। स्थानीय तह जनतासँग निकटतम निकाय भएकोले प्रदेश सरकारले बजेट निर्माण गर्दा स्थानीय तहका नगरपालिका, गाउँपालिका, नगरपालिका महासंघ, गाउँपालिका संघसँग आवश्यक छलफल गरिनु पर्ने देखिन्छ।

### ३.४.३.२ सुझाव

१. प्रदेश सरकारले बजेट निर्माण गर्दा स्थानीय तहलाई दिने शिशु, पोषण, शिक्षा जस्ता क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्ने,
२. समपुरक बजेट स्थानीय तहले माग गरे अनुसार दिने तर सशर्तको विषयमा बुझेर मात्र अनुदान दिने,
३. स्थानीय तहलाई दिने योजना प्रदेश सरकारले दिने योजना प्रदेश सरकार मार्फत नै खर्च गर्ने व्यवस्था गर्ने,
४. प्रदेशको जिल्लास्थित कार्यालयहरुले सर्वेक्षण गरेको योजना हुनुपर्ने,
५. संघ, प्रदेश र स्थानीय तहबिच समन्वय र सहकार्य गरी बजेट विनियोजनमा हुने दोहरोपना हटाउने,
६. बजेट निर्माण गर्दा मन्त्रालयले आयोजना कार्यालय, प्रदेशका जनप्रतिनिधि र स्थानीय प्रतिनिधिसँगको छलफलमा कार्यक्रम ल्याउने,

## ३.५. २०८१ असोज ११ र १२ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोको प्रकोपले भएको क्षतिको अनुगमन प्रतिवेदन, २०८१ को सरांश

### ३.५.१ वेथानचोक गाउँपालिकाः

मिति २०८१ असोज ११ र १२ गत्ते सम्म परेको अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोको प्रकोपले वेथानचोक गाउँपालिका भित्र देहाय बमोजिमको सडक तथा भौतिक पुर्वाधारमा क्षति भएको देखिन्छ।

| क्र.स. | सडकको नाम | सडकको लम्वाई | क्षतिको अवस्था |
|---|---|---|---|
| १ | खोपासी-ढुङखर्क-च्याम्राङवेशी-फापरवारी सडक | २१ कि.मि | पुर्ण क्षति |
| २ | खोपासी-कामीडाँडा-दाहालभञ्ज्याङ-तालढुङ्गा सडक | १८ | पुर्ण |
| ३ | तिप्चोक पार्थली सडक | ९ | पुर्ण |

| क्र.स. | सडकको नाम | सडकको लम्वाई | क्षतिको अवस्था |
|---|---|---|---|
| ४ | गेल्डुङ्ग-गोल्माकोट सडक | ५.२ | आंशिक |
| ५ | सयँले-खोरथापे-नारायणस्थान सडक | ८ कि.मि. | पुर्ण |
| ६ | टोड्के-सिउरानी-थिङछाप-मेदाम्सू-फलामेसाँघु सडक | १२ कि.मी. | पुर्ण |
| ७ | गणेशस्थान-भञ्याङखर्क-कुनेखर्क-गोल्माकोट सडक | ७ कि.मी. | पुर्ण |
| ८ | भवन-तावरी-छापडाँडा-फ्याङखोला-टोड्के सडक | १० कि.मी. | पुर्ण |
| ९ | भञ्याङ-गोलगाउँ-भुग्देउ-मेदाम्सु सडक | १०.५ कि.मी. | पुर्ण |
| १० | च्याम्राङवेशी-रतनखोला झिङ्गे-सुकुमफेदी सडक | १० कि.मी. | पुर्ण |
| ११ | हस्पिटलचोक-गैरीभञ्याङ-वतासे-सोरै सिर्थली सडक | ९ कि.मी. | पुर्ण |
| १२ | पाट्नेखोला-खोरभञ्याङ-ललितपुर सडक | ७ कि.मी. | पुर्ण |

यस पालिकामा उक्त विपदबाट ४३६८ परिवारका २३६०० जना प्रभावित भएको देखिन्छ। जस मध्ये १२ जनाको मृत्यु भएको छ। ४८१ घर पुर्ण वा आंशिक रुपमा क्षति भएका छन्।

भौतिक पुर्वाधारको सन्दर्भमा २४ वटा विद्यालय, ८ वटा स्वास्थ्य चौकि, ४४ वटा सामुदायिक भवन,१३ भन्दा बढी सवारी साधनमा पुर्ण वा आंशिक रुपमा क्षति भएका छन्। यसका अतिरिक्त ५२६ वटा पशु, ६१५५ वटा पन्छी र १७१९४ रोपनी खेति जग्गामा समस्या देखिन्छ।

### ३.५.२ पनौति नगरपालिका

२०८१ असोज १०,११ र १२ गतेको बाढी तथा पहिरोबाट यस नगरपालिका भित्र देहाय बमोजिमका घर संख्यामा क्षति भएको र १ जना विदेशी नागरिक सहित १९ जनाको मृत्यु हुनुका साथै १ जना वेपत्ता भएका छन् ।

| वडा नं. | पुर्ण क्षति | उच्च जोखिम |
|---|---|---|
| १ | ४४ | ५५ |
| २ | ६२ | १८२ |

| वडा नं. | पुर्ण क्षति | उच्च जोखिम |
|---|---|---|
| ३ | ३१ | १बैशाख |
| ४ | ११ | ४४ |
| ५ | ० | ८ |
| ६ | २ | ११ |
| ७ | ३९ | २५ |
| ८ | २२ | ३९ |
| ९ | ३ | ९ |
| १० | १७ | ६२ |
| ११ | १६१ | २१७ |
| १२ | १८७ | १६१ |
| जम्मा | ५८६ | ९४४ |

सडकमा भएको क्षतिको विवरणः

| वडा नं. | क्षतिग्रस्त सडक |
|---|---|
| १ | ६ वटा |
| २ | ६ वटा |
| ३ | ५ वटा |
| ४ | ९ वटा |
| ५ | १० वटा |
| ६ | २ वटा |
| ७ | २ वटा |
| ८ | २ वटा |
| ९ | २ वटा |
| १० | ५ वटा |
| ११ | ७ वटा |
| १२ | ८ वटा |
| जम्मा | ६४ वटा |

यसैगरी पनौति नगरपालिकामा ३३ वटा पुल, ५७ वटा खानेपानि आयोजना र ३२ वटा सिचाँई आयोजनामा क्षति पुगेको छ।

# परिच्छेद - ४

# आगामी दिनका लागि ध्यान दिनु पर्ने पक्षहरुः

## ४.१. गहन छलफलको आवश्यकताः

विकास र समृद्धिका लागि आवश्यक पर्ने स्रोत, साधन व्यवस्थापन भएको हुँदाहुँदै पनि जति मात्रामा विकासको प्रतिफल प्राप्त हुनु पर्ने हो सो हुन सकिरहेको छैन। विकासको प्रतिफल किन हुन नसकेको हो सो विषयमा हामीले बनाउने नीति, कार्यक्रम तथा योजना कार्यान्वयनका लागि जति गहिराइमा छलफल गर्नुपर्ने हो, सो कुरा हुने गरेको पाईंदैन। दिर्घकालिन प्रभाव पार्ने महत्वपूर्ण नीति निर्माण गर्दा समेत सानो घेरामा बसेर बनाउने गरेका कारण, बन्ने र बनाइने नीति, निर्णयले उचित प्रतिफल दिन सक्ने अवस्था रहने कुरै भएन। त्यसैले प्रदेश सरकारको स्रोत व्यवस्थापन तर्फ ध्यान नजानु अत्यन्तै संवेदनशील विषय हो। तसर्थ दिर्घकालिन महत्व राख्ने विषयमा नीति निर्माण गर्दा, कानून निर्माण गर्दा, आवश्यक निर्णय लिंदा जनप्रतिनिधीहरु, विज्ञहरु र सम्बन्धित पक्षहरु समेतको सहभागितामा गहन ढंगको प्रदेश स्तरीय छलफल हुन जरुरी छ। नेपालको संविधानको धारा ५१(ञ) को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको ८ नं ले निर्देशित गरे बमोजिम आदिवासी जनजातिसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने। साथै कुनै पनि यस समुदायसँग सम्बन्धित कार्य वा निर्णय गर्नु परेमा ILO169 र UNDRIP मा नेपाल सरकारले गरेको प्रतिवद्धताको पुर्ण पालना गर्ने।

साथै प्रदेश सरकारले प्रशासनिक कार्य सम्पादन गर्दा त्यस्तो कार्यसम्पादन गर्ने पदाधिकारीले संविधान तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका कुराहरुको अतिरिक्त सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ६ (ञ) मा उल्लेखित जनसहभागिता तथा स्थानीय स्रोतको अधिकतम उपयोग गर्नु पर्ने भन्ने प्रवधानलाई व्यवहारमा कार्यान्वयन गर्ने तथा प्रदेश सरकारलाई गर्न गराउन लगाउने ।

## ४.२. मन्त्रालयको ध्यानाकर्षणः

समितिको विभिन्न मितिहरुको बैठकको निर्णयले विषयगत मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगलाई गरिएका निर्देशनहरुको पालना भए नभएको विवरण हालसम्म जानकारी नगराएको।

## ४.३. प्रदेश सरकारको कामकारवाही र प्रभावकारिता सम्बन्धमाः

जनउत्तरदायि प्रदेश सरकार, सरकारले गर्ने कामको प्रभावकारिता र जनताको जिवनस्तर उकास्नमा प्रदेश सभाका सदस्यहरुले खेल्ने भुमिकाले नै प्रदेशको प्रभावकारिता पुष्टी गर्दछ। तर प्रदेशको विद्यमान कामकारवाही, परम्परागत प्रकृतिको रहेको, संघीय सरकार र प्रदेश सभाले संघीय संसदको काम कारवाहीको नक्कल गर्ने गरिएको देखिन्छ। प्रदेश सरकार कामकाजी र अधिकार सम्पन्न हुनु पर्दछ। प्रदेशमा संविधानले प्रदत्त गरेको अधिकारको सहि उपयोगबाट नै प्रदेशको सम्मुन्नति सम्भव छ र प्राप्त भएका अधिकारको प्रयोगमा नै प्रदेशमा समृद्धि सम्भव छ। बजेट निर्माणको क्रममा नीतिगत बजेटभन्दा स-साना टुक्रे योजनाहरु जसले दीर्घकालीन विकासको प्रभाव दिन सक्दैन यस्ता योजनाहरु मन्त्रालयमा माग्न गर्न धाउनु पर्ने अवस्थाको अन्त्य, आवश्यकता र औचित्यको आधारमा विकास योजनाहरुको छनौट नहुनु, योजना छनौटमा पारदर्शीता नहुनु, समृद्धिको स्पष्ट खाका समेत तयार नगरी बजेट तर्जुमा गरिदाँ प्रदेश सरकारको प्रभावकारिता देखिएको छैन।

## ४.४. प्रदेश सभा सदस्यहरुको उपस्थितिः

प्रदेश सरकार मार्फत स्थानीय तहलाई जाने सबै प्रकारका अनुदानबाट हुने योजना छनौट प्रक्रियामा प्रदेश सभा सदस्यहरुको सहभागिता रहनु पर्दछ।

## ४.५.राय सुझावको उपेक्षाः

प्रदेश सभा र विषयगत समितिहरुले लिखित रुपमा पेश गरेका राय, सुझाब समेतलाई सरकारका सिद्धान्त र प्राथमिकता, नीति कार्यक्रममा कतिपय विषयहरुम सम्बोधन गर्ने प्रयास समेत गरेको देखिएन । समितिले दिएका सुझावलाई छलफल समेत गर्ने गरेको

पाइएन । मन्त्रालयबाट हुने यस्ता हेलचेक्राईका बारेमा आगामी दिनमा समितिले गम्भिर ढंगबाट छलफल गर्नु पर्ने अवस्था श्रृजना भएको छ ।

### ४.६. समितिको काम प्रभावित पार्ने केही पक्षहरु

- समितिलाई आवश्यक पर्ने बैठक कक्ष लगायत आवश्यक साधनको कमी ।
- समितिलाई आवश्यक पर्ने विज्ञको सेवाको उचित व्यवस्थापन गर्न नसक्नु ।
- विषयगत मन्त्रालय र समितिको विचमा बेला बेलामा छलफल हुन नसक्नु ।
- परम्परागत ढंगबाट काम गर्ने प्रवृत्तिको निरन्तरता ।
- कानून निर्माणमा पर्याप्त छलफल हुने अवस्था नहुनु ।
- महत्वपूर्ण नीति निर्माणमा समितिलाई सहभागी गराउने परम्पराको सुरुवात हुन नसक्नु ।

अनुसुची-१

# अर्थ तथा विकास समिति

## समितिको कार्यसञ्चालन कार्यविधि,२०८०

प्रदेश सभा अन्तर्गतको अर्थ तथा विकास समितिको बैठक तथा काम कारवाहीलाई मर्यादित, व्यवस्थित एंव प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (२) बमोजिम समितिले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "अर्थ तथा विकास समितिको कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "उपसमिति" भन्नाले अर्थ तथा विकास समिति अन्तर्गत गठित उपसमिति सम्झनु पर्छ ।

ख) "बैठक" भन्नाले अर्थ तथा विकास समितिको औपचारिक बैठक सम्झनु पर्छ।

ग) "विज्ञ सदस्य" भन्नाले सम्वन्धित विषयको विज्ञ वा अनुभवी व्यक्तिलाई सम्झनु पर्दछ ।

घ) "सचिव" भन्नाले अर्थ तथा विकास समितिको सचिव सम्झनु पर्छ ।

ङ) "सभापति" भन्नाले अर्थ तथा विकास समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँदछ ।

च) "समिति" भन्नाले अर्थ तथा विकास समिति सम्झनु पर्छ ।

छ) "सभामुख" भन्नाले बागमती प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

## परिच्छेद-२

## बैठकमा उपस्थिति र सञ्चालन

३. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकता अनुसार सभापतिले बोलाउनेछ ।

(२) समितिको बैठक बागमती प्रदेश सभा सचिवालय परिसरभित्र बस्नु पर्नेछ। तर सचिवालय परिसर बाहिर बैठक बस्नु परेमा बैठक बस्नुपूर्व सभामुखको लिखित अनुमति प्राप्त गर्नु पर्नेछ र त्यसरी बसेको बैठकलाई औपचारिक मानिने छ ।

(३) समितिको भर्चुअल (virtual) बैठक समेतलाई औपचारिक बैठक मानीनेछ।

४. **उपस्थितिः** बैठकमा उपस्थित प्रत्येक सदस्यले वर्णानुक्रम अनुसार उपस्थिति पुस्तिकामा उल्लिखित आफ्नो नामको पछाडी रहेको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ।

तर बैठक सुरु हुनु अगावै वा बैठकको समाप्तीपछि कुनै पनि सदस्यले उपस्थिति पुस्तिकामा दस्तखत गर्न पाउने छैन।

५. **बैठक सञ्चालनः** (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ। निजको अनुपस्थितिमा समितिका सदस्यहरुमध्ये ज्येष्ठ सदस्यले समितिको बैठकको सभापतित्व गर्नेछ। यसरी ज्येष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा निजले सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ।

(२) प्रदेश सभा नियमावली, २०७४ को नियम १५४ बमोजिम समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ।

(३) बैठकको निर्णय सर्वसम्मतिवाट हुनेछ। सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ, निर्णय आवश्यकता अनुसार मौखिक वा लिखित हस्ताक्षर सहितको मतदान प्रक्रियाबाट हुनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ।

(४) बैठकको निर्णय सभापतिबाट प्रमाणित हुनेछ।

(५) सामान्यतयाः- बैठक तोकिएको मिति र समयमा समितिको सभा कक्षमा बस्नेछ। सभापतिले बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ। तोकिएको समय भन्दा ३० मिनेटसम्म गणपूरक संख्या नपुगेमा सो दिनको बैठक स्वतः स्थगित हुनेछ।

(६) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषयको प्रकृति र महत्त्व समेतलाई ध्यानमा राखी बैठकको समयावधी तय गरिनेछ।छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही आफ्नो विचार राख्नु पर्नेछ।

(७) विशेष कारणवशः सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपश्चात अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थित रहनु पर्नेछ।

(८) बैठकमा सहभागी सदस्यले कुनै कारण बाहिर निस्किनु परेमा बैठकको सभापतिको अनुमति लिनु पर्नेछ।

(९) बैठकको विषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा सञ्चार माध्यमलाई आफ्नो अनुकूल व्यवस्थापन गर्न सबैको कर्तव्य हुनेछ।

(१०) समितिको बैठकले सम्बन्धित विज्ञहरुको एक रोष्टर तयार गरिनेछ र समय समयमा रोष्टरलाई अध्यावधिक गर्नु पर्नेछ।

## परिच्छेद-३

## बैठकको सूचना प्रवाह सम्बन्धी व्यवस्था

६. **बैठकको कार्यसूची:** समितिको आगामी बैठकमा छलफल हुने विषय समान्यतया अघिल्लो बैठकमा नै निर्धारण गरिनेछ र सो बमोजिम हुन नसकेमा सचिवले सभापतिसँग परामर्श गरी कार्यसूची निर्धारण गर्नेछ र सोको जानकारी सदस्यहरुलाई गराईनेछ।

७. **बैठक सम्बन्धी जानकारी:** (१) समिति सचिवालयले समिति सदस्यहरुलाई बैठक बस्ने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै सूचना टाँस वा मोवाइल एस.एम.एस वा विद्युतीय पत्राचार वा फोन गरी वा मौखिक रुपमा जानकारी गराउनु पर्नेछ ।

तर आकस्मिक रुपमा बोलाइने बैठकको सन्दर्भमा ४८ घण्टा अगावै जानकारी गराउन बाध्य हुने छैन।

८. **निर्णय पठाउने:** (१) समिति वा उपसमितिले कुनै निकाय वा पदाधिकारीलाई निर्णय गरी दिएको निर्देशन, राय वा सुझावलाई सम्बन्धित निकाय वा पदाधिकारीलाई निर्णय प्रमाणित भएको सात दिनभित्र लिखित रुपमा जानकारी गराउनु पर्नेछ।

तर निर्णय भएको लगतै पछि सात दिनसम्मको सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको तीन दिनभित्र पठाईएकोमा अन्यथा मानिने छैन्।

(२) समिति वा उपसमितिले जानकारी गराएको पन्ध्र दिनभित्र पालना भए नभएको अवस्था बुझी नभएको अवस्थामा ताकेता र पुनःताकेता गर्नु पर्नेछ।

९. **निर्णय प्रकाशन गर्ने:** समितिले गरेको निर्णय प्रमाणित भएको मितिदेखि २ (दुई) दिनभित्र समितिको आधिकारिक विद्युतीय माध्यम (website) मा सचिवालयले प्रकाशन गर्नु पर्नेछ।

१०. **सञ्चार माध्यमलाई जानकारी:** समिति बैठक सम्बन्धी गतिविधि प्रकाशन तथा प्रसारणका लागि आमसञ्चार माध्यमलाई औपचारिक रुपमा सचिवालयले खवर गर्न सक्नेछ ।

## परिच्छेद-४

## समितिको कार्य र कार्यप्रणाली

११. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको कार्य विवरण देहाय बमोजिमको हुनेछ।

(क) समितिको कार्यक्षेत्र भित्रका आयोग र निकायसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सो सम्बन्धी प्रतिवेदन पेश गर्ने,

(ख) मन्त्रालय, विभाग र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(ग) मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति मितव्ययी गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

(घ) सरकारका प्रतिनिधिहरुले समय समयमा दिएका आश्वाशनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के- कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

(ङ) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र वैठकमा प्रतिवेदन पेश गर्ने,

(च) सभाले प्रत्यायोजन गरेका अधिकार अन्तर्गत सरकारद्वारा बनाइएको नियम, मापदण्ड, कार्यविधि, निर्देशिका, आदेश, परिपत्रहरु प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सो बमोजिम काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्यांकन र परिक्षण गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(छ) सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग/समिति र जाँचबुझ आयोग/समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ज) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाई गर्ने,

(झ) सम्बद्ध मन्त्रालय र मातहतका निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ञ) कानून कार्यान्वयनको मापन सम्बन्धी कार्य गर्ने,

(ट) कार्यक्षेत्र अन्तर्गतका सवैधानिक आयोगका काम कारवाहीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ठ) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन र समिक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने,

(ढ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(ण) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा हुने राजस्व बाँडफाँटको विषयमा आवश्यक समन्वय, सल्लाह र परामर्श गर्ने, स्रोत परिचालनको सन्दर्भमा आवश्यकता अनुसार कानून निर्माणको लागि पहल गर्ने,

(त) प्रदेशभित्रको प्राकृतिक स्रोतको पहिचान, उपयोग र संरक्षण सम्बन्धी कार्यमा आयोगसँग सहकार्य गर्ने र आवश्यक निर्देशन दिने,

(थ) राष्ट्रिय योजना आयोगले निर्माण गरेको पञ्चवर्षीय आवधिक योजनाको अध्ययन गर्ने, प्रदेश आवधिक योजनाको निर्माणमा दिगो विकासका लक्ष्य र राष्ट्रिय योजना आयोगको सूचकहरु समावेश भए नभएको हेर्ने र सुधारका लागि आवश्यक निर्देशन दिने, योजना कार्यान्वयनका लागि सरकारलाई राय, परामर्श र निर्देशन दिने, परीक्षण तथा मुल्याङ्कन गर्ने,

(द) खानेपानी, उर्जा तथा सिँचाई जस्ता भौतिक पूर्वाधारको निर्माण, कार्यक्रम बजेट कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने,

(ध) समितिको क्षेत्राधिकारभित्र रहेका मन्त्रालय तथा निकायहरुको कार्य प्रगतिको अनुगमन, मुल्याङ्कन गर्ने र सुधारका लागि निर्देशन दिने,

(न) जनतासँग प्रत्यक्ष सम्बन्ध स्थापित गरी पूर्वबजेट छलफल गर्ने र तयार प्रतिवेदनको आधारमा कार्यान्वयनका लागि सरकारसँग छलफल गर्ने र निर्देशन दिने,

(प) भौतिक पूर्वाधार निर्माण र सरकारले बनाएको प्रत्यायोजित कानूनबाट मर्कामा परेका व्यक्तिहरुको गुनासो सुनुवाई गर्ने।

(फ) प्रदेश सभाको बैठकले सुम्पेको अन्य काम गर्ने,

(२) समितिको काम, कर्तव्य र अधिकार प्रदेश सभा नियमावली, २०७४ अधिनमा रही हुनेछ।

१२. **<u>बैठकमा भाग लिन सक्ने:</u>** समिति सदस्य बाहेक प्रदेश सभाको अन्य सदस्यले समितिको बैठकमा भाग लिन चाहेमा सभापतिको स्वीकृति लिई सहभागी हुन सक्नेछ ।.

तर त्यसरी बैठकमा भाग लिने सदस्य र आमन्त्रित सदस्यलाई समितिमा मताधिकार हुने छैन।

१३. **परामर्श लिन सक्नेः** (१) समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको विषय अध्ययनको क्रममा सम्बन्धित पक्ष, विभिन्न विषयका विज्ञ तथा हित समुहका प्रतिनिधिहरुलाई समितिमा आमन्त्रण गरी आवश्यक परामर्श तथा सुझाव लिन सक्नेछ।

१४. **उपसमिति तथा कार्यदल गठन गर्न सक्नेः** (१) समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा आफ्नो कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गरी काम गर्न सक्नेछ।

त्यसरी उपसमिति वा कार्यदल गठन गर्दा त्यस्तो उपसमिति वा कार्यदलमा रहने सदस्यहरु, उपसमिति वा कार्यदलले गर्नुपर्ने काम र सो कार्य सम्पन्न गर्नु पर्ने अवधि समेत किटान गर्नु पर्नेछ।

(२) यसरी गठन गरिएको उपसिमिति/कार्यदलमा विज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

१५. **कागजात झिकाउन तथा सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन सक्नेः** समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ (ट) बमोजिम समितिले आफ्नो कामको निमित्त सम्बन्धित व्यक्ति वा सरकारी अधिकारीलाई उपस्थित गराउन तथा कुनै कागजात झिकाउन सक्नेछ।

१६. **स्थलगत अनुगमन तथा अध्ययन भ्रमणः** समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (३) बमोजिम कुनै स्थानको स्थलगत अनुगमन वा अध्ययन भ्रमण गर्न सक्ने छन्।

१७. **काम कारवाही गोप्य राख्न सकिनेः** समितिले आफ्नो क्षेत्राधिकार भित्रको कुनै काम, कारवाहीको प्रकृति र विषयको गाम्भिर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने विषय तथा सूचना गोप्य राख्न सक्नेछ।

१८. **बैठकमा पालन गर्नुपर्ने नियमः** प्रदेश सभा नियमावली, २०७४ को नियम १९, २० र २१ बमोजिमका व्यवस्थाहरु समितिका सदस्यले पालना गर्नु पर्नेछ।

## परिच्छेद-५

## विविध

१९. **कार्यविधिमा संशोधनः** समितिले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ।

२०. **विविधः** (१) समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सभा नियमावली, २०७४ को नियम १५३ बमोजिम कार्यतालिका निर्माण गरी लागु गर्न सक्नेछ।

(२) समितिले आफ्नो काम कारवाही सम्पादनको क्रममा समितिको क्षेत्राधिकार भित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि संघ, प्रदेश तथा स्थानीय तहमा समेत अन्तरक्रिया गर्न र प्रदेश एवं स्थानीय तहलाई आवश्यक सुझाव दिन सक्नेछ।

**स्पष्टिकरण:** "समितिको क्षेत्राधिकार" भन्नाले प्रदेश तथा स्थानिय तहमा गरिने आर्थिक दायित्व सृजना हुने र अर्थ तथा विकाससँग सम्बन्धित क्षेत्र सम्झनु पर्दछ।

(३) समितिको काम कारवाहीमा सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

# अनुसूची-२

## माननीय सदस्यहरुको बैठकमा उपस्थिति

समितिको हालसम्मको बैठक संख्याः (बैठक संख्या १ देखि ३० सम्म) : **जम्मा ३० वटा**

| क्र.सं. | मा. सदस्यहरुको नाम, थर | जम्मा उपस्थिति | कैफियत |
|---|---|---|---|
| १ | माननीय सभापति श्री नुरज बज्राचार्य | २२ | हेरफेर हुँदा पछि थपिएको |
| २ | माननीय ॐ कुमारी श्रेष्ठ | १३ | हेरफेर हुँदा पछि थपिएको |
| ३ | माननीय अमृता नेपाल | २० | |
| ४ | माननीय आशा लामा | १२ | |
| ५ | माननीय उर्मिला के.सी. नेपाल | ६ | पछि हटेको |
| ६ | माननीय किरण थापामगर | ७ | पछि हटेको |
| ७ | माननीय गोविन्द लम्साल | २५ | |
| ८ | माननीय डम्वर तामाङ | ९ | |
| ९ | माननीय डा. दिनेशचन्द्र देवकोटा | ९ | |
| १० | माननीय देवेन्द्र श्रेष्ठ | २४ | |
| ११ | माननीय मदु कुमार श्रेष्ठ | ९ | पछि हटेको |
| १२ | माननीय मधुसुदन पौडेल | २० | |
| १३ | माननीय माईली तामाङ | १० | |
| १४ | माननीय रमा आले मगर | ५ | |
| १५ | माननीय रमेश कुमार महत | २१ | |
| १६ | माननीय रामकृष्ण चित्रकार | १३ | पछि थप गरिएको |
| १७ | माननीय रामप्रसाद ढुङ्गाना | २९ | |
| १८ | माननीय लक्ष्मी देवी श्रेष्ठ | २८ | |
| १९ | माननीय सरल सहयात्री पौडेल | १३ | |
| २० | माननीय सुना परियार | १६ | हेरफेर हुँदा पछि थपिएको। |
| २१ | माननीय सुरेश श्रेष्ठ | ३ | पछि हटेको |
| २२ | माननीय ज्ञान बहादुर तामाङ | ७ | |

## अनुसूची-३

### बैठक साल र आर्थिक वर्ष अनुसारको संख्यात्मक विवरण

| क्र.स. | साल | महिना र गते | बैठक संख्या | आ.व. | बैठक संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०८० | भदौं १९ | ६ | २०८०/०८१ | ११ | |
| २ | | असोज १५ | | | | |
| ३ | | असोज २२ | | | | |
| ४ | | फागुन १३ | | | | |
| ५ | | फागुन १४ | | | | |
| ६ | | फागुन १६ | | | | |
| ७ | २०८१ | जेष्ठ ०५ | ५ | | | |
| ८ | | जेष्ठ १३ | | | | |
| ९ | | जेष्ठ १४ | | | | |
| १० | | जेष्ठ १६ | | | | |
| ११ | | जेष्ठ ३१ | | | | |
| १२ | | भदौ १४ | १५ | २०८१/०८२ | १९ | |
| १३ | | भदौ २५ | | | | |
| १४ | | भदौ २६ | | | | |
| १५ | | भदौ २७ | | | | |
| १६ | | भदौ २७ | | | | |
| १७ | | असोज ०५ | | | | |
| १८ | | मंसिर ०५ | | | | |
| १९ | | पुष १२ | | | | |
| २० | | माघ १३ | | | | |
| २१ | | माघ १४ | | | | |
| २२ | | माघ १५ | | | | |
| २३ | | माघ २७ | | | | |
| २४ | | चैत्र १८ | | | | |
| २५ | | चैत्र १८ | | | | |
| २६ | | चैत्र १९ | | | | |
| २७ | २०८२ | बैशाख १० | ४ | | | |
| २८ | | बैशाख २४ | | | | |
| २९ | | जेष्ठ १३ | | | | |
| ३० | | जेष्ठ २९ | | | | |

# अनुसूची-४

## समिति, उपसमितिका कार्यक्रम तथा अनुगमनका तस्वीरहरू





फाखेल-मातातिर्थ सडक(मकवानपुर खण्ड) सिमखोला पुलको अनुगमन गर्दै समितिका सदस्यहरू





फाखेल-मातातिर्थ सडक(मकवानपुर खण्ड) सिमखोला पुलको अनुगमन गर्दै समितिका सदस्यहरू







फाखेल-मातातिर्थ सडक खण्ड को अनुगमन गर्दै समितिका सदस्यहरू



हेटौंडा-फाखेल-फर्पिङ्ग सडकको अनुगमन गर्दै समितिका सदस्यहरू




बलेफी गाउँपालिका, सिन्धुपाल्चोकमा स्थानीय जनप्रतिनिधिहरूसँग भएको पूर्व बजेट छलफल कार्यक्रम, २०८२ बैशाख १९ गते




काभ्रे जिल्लाको धुलीखेल होटल सारथीमा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूसँग भएको बजेट सम्बन्धी छलफल(पूर्व बजेट छलफल), २०८२ बैशाख २० गते